## राष्ट्रिय आदिवासी जनजाति महिला महासंघमा आवद्ध भएका सदस्य संस्थाहरू

१) नेपालभाषा मिसा खलः
२) नेपाल मगर महिला संघ
३) सुनुवार महिला समाज
४) नेपाल किरात राई महिला संघ
५) थारु महिला जागरण केन्द्र
६) नेपाल तामाङ महिला घेदुङ
७) थकाली महिला संघ
८) नेपाल माझी महिला उत्थान संघ
९) नेपाल कुमाल महिला समाज सुधार समिति
१०) वालुङ महिला संघ
११) नेपाल गुरुङ (तमु) महिला संघ
१२) दनुवार महिला समाज सुधार संघ
१३) नेपाल शेर्पा महिला संघ
१४) नेपाल पहरी महिला विकास संघ
१५) मेचे महिला उत्थान संघ
१६) राजवंशी महिला संघ
१७) किँरात याक्थुङ माङ्गेना चुम्लुङ
१८) ल्होमी महिला कल्याण मञ्च
१९) पाल्देन डोल्पो महिला संघ
२०) मुगाल आदिवासी जनजाति महिला उत्थान
२१) ब्याँसी शौका महिला संघ
२२) नेपाल छन्त्याल महिला संघ
२३) बाह्रगुँ छिमीघ्यार्चा महिला समाज सेवा
२४) ताजपुरिया महिला उत्थान संघ
२५) भुजेल महिला समाज
२६) जिरेल महिला समाज सेवा
२७) नेपाल गन्गाई महिला परिषद
२८) धानुक महिला समाज
२९) दुरा महिला समाज
३०) नेपाल चेपाङ महिला संघ
३१) धिमाल महिला संघ
३२) याख्खामा याप्सेन
३३) नेपाल बराम महिला संघ
३४) नेपाल थामी महिला समाज
३५) नेपाल योल्मो महिला संघ
३६) सुरेल जाति महिला उत्थान समाज
३७) नेपाल भाँगड महिला संघ
३८) नेपाल भोटे जनजाति महिला संघ
३९) नेपाल दरै महिला समाज
४०) कुसुण्डा महिला विकास समाज नेपाल
४१) बनकरीया महिला विकास संघ
४२) तोप्केगोला महिला समाज सेवा समिति
४३) नेपाल बोटे महिला समाज

प्रकाशक:
राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ (निफ)
National Indigenous Women's Federation (NIWF)
काठमाडौं-१०, बुद्धनगर, फोन: ९७७-०१-४७९४१९२
ईमेल: niwf2057@gmail.com, वेबसाइट: www.niwf.org.np

9 789937 089449

आदिवासी महिलाका सम्बन्धमा अक्सर सोधिने प्रश्नहरू

निफ (NIWF)

# आदिवासी महिलाका सम्बन्धमा अक्सर सोधिने प्रश्नहरू

# Frequently Asked Questions (FAQ) on Indigenous Women



FIMI

राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ (निफ)

# आदिवासी महिलाका सम्बन्धमा अक्सर सोधिने प्रश्नहरू

# Frequently Asked Questions (FAQ) on Indigenous Women

राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ (निफ)
National Indigenous Women's Federation (NIWF)

**राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ (निफ)**

**National Indigenous Women's Federation (NIWF)**

| | | |
|---|---|---|
| कृति | : | आदिवासी महिलाका सम्बन्धमा अक्सर सोधिने प्रश्नहरू<br>Frequently Asked Questions (FAQ) on Indigenous Women |
| लेखक | : | राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ (निफ)<br>National Indigenous Women's Federation (NIWF) |
| प्रकाशक | : | राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ (निफ) काठमाडौं-१०, बुद्धनगर |
| प्रकाशन मिति | : | वि.सं. २०७७ (ई.सं. २०२०) |
| प्रकाशन | : | १,००० प्रति |
| संस्करण | : | प्रथम |
| कम्प्युटर डिजाईन | : | सर्भदा प्रिन्टिङ सोलुसन प्रा.लि.<br>ज्वागल, ललितपुर |
| ISBN | : | 978-9937-0-8944-9 |

# कृतज्ञता

राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ (निफ) ले तयार गरेको आदिवासी महिलाका सम्बन्धमा अक्सर सोधिने प्रश्नहरूको उत्तरहरू लेख्ने कार्यमा सहयोग गरिदिनु भएकोमा समाजशास्त्री तथा आदिवासी विज्ञ डा. कृष्ण भट्टचनलाई हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छौं। आदिवासी महिला महासंघको सम्बन्धमा १३ वटा, आदिवासी तथा आदिवासी महिलाको परिभाषा र पहिचानका सम्बन्धमा ८ वटा, आदिवासी महिला र अन्य महिलाबीच समानता तथा भिन्नता सम्बन्धमा ४ वटा, आदिवासी महिलाको प्रमुख समस्या तथा अधिकारहरूका सम्बन्धमा १२ वटा, महिलाको हैसियतमा आदिवासी महिलाको अधिकारका सम्बन्धमा १५ वटा तथा आदिवासी महिलाको मानव अधिकार हनन् भएमा गर्ने कामका सम्बन्धमा ४ वटा प्रश्नका उत्तरहरू समेटिएका छन् । यी प्रश्नहरूको उत्तरहरूले धेरैको जिज्ञाशा मेटाउने अपेक्षा गरेका छौं । अरु प्रश्नहरू छुटेको भएमा हामीलाई जानकारी दिनु भएमा अर्को संस्करणमा थप्न सकिने छ ।

यो आदिवासी महिलाका सम्बन्धमा अक्सर सोधिने प्रश्नहरू तथा उत्तरलेखन तथा पुस्तकका रुपमा प्रकाशन गर्दासम्ममा विभिन्न किसिमले सहयोग गर्नुभएका निफका संस्थापक तथा सल्लाहकार यशो कान्ति भट्टचन, कार्यकारिणी समितिका सदस्यहरू, नीफका निवर्तमान कार्यकारी निर्देशक कमला थापा मगर, निफका राष्ट्रिय संयोजक लक्ष्मी शोभा शाक्य, स्थानीय संयोजक हिरा कुमारी तामाङ र लेखा तथा प्रशासन अधिकृत मीना कुमारी लामा लगायत सबैलाई धन्यवाद दिन चाहन्छौं । भाषा सम्पादनकार्यका लागि अधिवक्ता शान्ति कुमारी राईलाई हार्दिक

धन्यवाद छ। आदिवासी महिलाका सम्बन्धमा अक्सर सोधिने प्रश्नहरूलाई यो रुपमा ल्याउन सहयोग गर्नु भएकोमा International Indigenous Women's Forum (IIWF) / Foro Internacional de Mujeres Indigenas (FIMI) लाई विशेष धन्यवाद दिन चाहन्छौं ।

**चिनीमाया माझी**
अध्यक्ष
राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ
२०२०

# विषयसूची


**१. आदिवासी महिला महासंघको सम्बन्धमा** १

१.१. राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको स्थापना कहिले कसरी भएको थियो ? १

१.२. राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको स्थापना कुन मितिमा भएको हो ? ३

१.३. राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको संस्थापकहरू को-को हुन् ? ३

१.४. स्थापनाकालदेखि आजसम्म राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको नेतृत्व क-कस्ले गर्नु भयो ? ३

१.५. राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ के उद्देश्य राखेर स्थापना भएको थियो ? ४

१.६. अहिले राष्ट्रिय आदिवासी जनजाति महिला महासंघमा कुन-कुन आदिवासी महिलाका संघसंस्थाहरू सदस्य छन् ? ५

१.७. राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको दूरदृष्टि के हो ? ६

१.८. राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको मिशन के हो ? ६

१.९. राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको लक्ष्य के हो ? ६

१.१०. राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको उद्देश्यहरू के के हुन् ? ६

१.११. राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको

काम गर्ने विधि तथा तरिका (Approach) के हुन् ? ९
१.१२. राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको रणनीतिहरू के-के हुन् ? १०
१.१३. राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको आधारभूत मूल्यहरू के-के हुन् ? ११

**२. आदिवासी तथा आदिवासी महिलाको परिभाषा र पहिचान** १२
२.१. आदिवासी को हो ? भनेर कसरी थाहा पाउने ? १२
२.२. यस आधारमा नेपालका आदिवासीहरू को-को हुन् ? १४
२.३. नेपालका आदिवासीहरूलाई कसरी वर्गीकरण गरेको छ ? १५
२.४. के आदिवासी महिलाहरू अल्पसंख्यक हुन् ? १६
२.५. के आदिवासी महिलाहरू स्थानीय समुदाय हुन् ? १७
२.६. के आदिवासी महिलाहरू सरोकारवाला हुन् ? १८
२.७. प्रतिच्छेदन (ईन्टरसेक्शनालिटी) भनेको के हो ? १८

**३. आदिवासी महिला र अन्य महिलाबीच समानता तथा भिन्नता** २०
३.१. कथित 'मूल प्रवाह'का महिला अर्थात् बाहुन, क्षेत्री महिला र आदिवासी महिलाबीच के भिन्नता छ ? २०
३.२. आदिवासी महिला दलित महिलाबीच के समानता र के भिन्नता छ ? २२
३.३. आदिवासी महिला र मधेशी महिलाबीच के समानता र के भिन्नता छ ? २२
३.४. आदिवासी महिला र मुस्लिम महिलाबीच के समानता र के भिन्नता छ ? २३

**४. आदिवासी महिलाको प्रमुख समस्या तथा अधिकारहरू** २४
४.१. अहिलेसम्म आदिवासी महिलाहरूले भोग्दै आएका प्रमुख समस्याहरू के-के हुन् ? २४
४.२. आदिवासी महिलाको हक अधिकारहरू कुन अन्तर्राष्ट्रिय कानून वा दस्तावेजहरूले सुनिश्चित गरेको छ ? २५
४.३. आदिवासी महिलालाई के-के अधिकार छ ? २६
४.४. आदिवासीको हैसियतमा आदिवासी महिलाका सामुहिक अधिकारहरू के-के हुन् ? २७
४.५. आदिवासी महिलाको आत्मनिर्णयको अधिकार भनेको के हो ? २८
४.६. आदिवासी महिलाको आत्मनिर्णयको अधिकार र महिलाको आत्मनिर्णयको अधिकार एउटै हो कि फरक हो ? २९
४.७. आदिवासी महिलाको स्वायत्तताको अधिकार भनेको के हो ? ३०
४.८. आदिवासी महिलाको स्वशासनको अधिकार भनेको के हो ? ३०
४.९. आदिवासी महिलाको भूमि, भू-भाग र स्रोतमा अधिकार भनेको के हो ? ३१
४.१०. आदिवासी महिलाको स्वतन्त्र अग्रीम जानकारी सहितको मञ्जुरीको अधिकार भनेको के हो ? ३२
४.११. सार्वजनिक जीवनको नीति निर्धारणका सबै तहहरूमा आदिवासी महिलाका सहभागिता र प्रतिनिधित्वको अधिकार के छ ? ३३
४.१२. आदिवासी महिलाको मातृभाषाामा के कस्तो अधिकार हुन्छ ? ३३

**५. महिलाको हैसियतमा आदिवासी महिलाको अधिकार** ३४
५.१. महिलाको हैसियतमा आदिवासी महिलाको हक अधिकार कुन महासन्धिले सुनिश्चित गरेको छ ? ३४
५.२. महिलाविरुद्ध हुने सबै प्रकारको भेद्भाव उन्मूलन सम्बन्धी महासन्धि (सीड) भनेको के हो ? ३४
५.३. नेपालले सीड कहिले अनुमोदन गऱ्यो ? ३५
५.४. सीडमा भएका महिला अधिकार के-के हुन् ? ३५
५.५. छायाँ प्रतिवेदन भनेको के हो ? ३९
५.६. छायाँ प्रतिवेदन तयार पार्दा के कुरामा ध्यान दिनु पर्छ ? ३९
५.७. बेइजिङ्ग कार्यमञ्चको १२ वटा चासोका क्षेत्रहरू के-के हुन् ? ४०
५.८. आदिवासी महिलाको सवालहरू बेइजिङ्गमा भएको महिलाको विश्वसम्मेलनले समेटेको थियो ? ४१
५.९. कथित मूल प्रवाहको महिला अधिकार आन्दोलन र उनीहरूबाट प्रभावित केही आदिवासी महिलाहरूले पनि आदिवासीहरूमा गलत प्रथा परम्परा छ भन्ने गरिन्छ, के त्यसमा के कति सत्यता छ ? ४१
५.१०. आदिवासी महिलाको अधिकारहरूको उपभोग गर्नमा के-के बाधाहरू छन् ? ४३
५.११. के सरकारसँग आदिवासी महिला सम्बन्धी तथ्याङ्कको कमी छ ? यदि छ भने ती के-के हुन् ? ४४
५.१२. आदिवासी महिलाको अधिकार सुनिश्चित गर्न कुन-कुन कानूनहरूको परिवर्तन गर्न जरूरी छ ? ४४
५.१३. नारीवाद अर्थात् फेमिनिजम् भनेको के हो ? ४५
५.१४. आदिवासी नारीवाद भनेको के हो ? ४५
५.१५. के आदिवासी महिलाहरू पितृसत्ताबाट पीडित छन् ? ४६

**६. आदिवासी महिलाको मानव अधिकार हनन् भएमा गर्ने काम** ४७

६.१. आदिवासी महिलाको मानव अधिकारको उल्लंघन कस्ले के कसरी गर्छ ? ४७

६.२. आदिवासी महिलाको मानव अधिकारको उल्लंघन, हस्तक्षेप, इन्कार, दुरुपयोग, वा वेवास्ता भएमा के गर्ने ? ४७

६.३. मानव अधिकारको दस्तावेजीकरण कस्ले कसरी गर्ने ? ४७

६.४. मानव अधिकारको दस्तावेजीकरणको महत्व के छ ? ४९

# १. आदिवासी महिला महासंघको सम्बन्धमा

*१.१. प्रश्नः राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको स्थापना कहिले कसरी भएको थियो ?*

उत्तरः नेपाल आदिवासी जनजाति महिला महासंघको स्थापना बुधबार, २ बैशाख, २०५५ (१५ अप्रिल, १९९८) भएको थियो । उक्त दिन यशोकान्ति भट्टचन/गौचन, स्टेला तामाङ, हेमा पुन, मीरा घले गुरुङ र चुन्दा बज्राचार्यको उपस्थितिमा लेखिएको पहिलो माइन्यूट अनुसार जुन ३ देखि १३, १९९८ (जेठ २० देखि ३०,२०५५) मा महिला भेला गराउने र नेपाल आदिवासी/जनजाति महिला भेला तयारी समिति बनाउने निर्णय भएको थियो । २६ मे (१२ जेष्ठ) को समितिको बैठकले डा.कृष्ण भट्टचनलाई आदिवासी महिलाको स्थितिका वारेमा कार्यपत्र लेख्ने जिम्मा दिएर ६ जुन, १९९८ (२२ आषाढ, २०५५) मा एउटा गोष्ठीको आयोजना गऱ्यो । नेपाल आदिवासी जनजाति महासंघले शुरुमा आदिवासी महिला विभाग खोल्ने मनसाय राखेकोले विकल्प ज्ञान केन्द्र, बौद्धमा भएको उक्त गोष्ठीमा डा.कृष्ण भट्टचनले "के नेपालमा आदिवासी जनजाति महिलाहरू सँगठित हुन आवश्यक छ ?" विषयक कार्यपत्रको प्रस्तुती पछि विस्तृत छलफल भएर आदिवासी महिलाहरूले महिला वा लैंगिक वा नारीवादी आन्दोलनमा आफ्नो हैसियतका लागि र आदिवासी जनजाति आन्दोलनभित्र पनि आफ्नो हैसियतका लागि महासंघ अन्तर्गतको महिला विभागभन्दा पनि जनजाति महिलाको छुट्टै सँगठन महासंघको ढाँचामा निर्माण गर्न सबै सहमत भयो । १९ जुलाई (३ श्रावण) मा समितिले परशुराम तामाङ (आदिवासी जनजाति महासचिव), अमृत प्र. खान (आदिवासी जनजाति सचिव), स्टेला तामाङ (सदस्य, आदिवासी जनजाति महिला

भेला), डा.कृष्ण भट्टचन, पासाङ, मीरा घले गुरुङ, यशो कान्ति भट्टचन, चुन्दा बज्राचार्य र प्रदीप थापा मगर (आदिवासी जनजाति सचिव) को उपस्थितिमा भएको बैठकले राष्ट्रिय आदिवासी/जनजाति महिला सँगठन गठन गर्ने र यो स्वतन्त्र हुने तथा नेपाल आदिवासी/जनजाति महासंघको सह-सदस्य हुने निर्णय भएको थियो ।

२४ जुलाई, १९९८ (८ श्रावण, २०५५) मा भएको आदिवासी जनजाति महिला भेलाले नेपाल आदिवासी जनजाति महासंघको सदस्य सँगठनहरूको महिला प्रतिनिधिका २३ सदस्य र आदिवासी जनजाति महिला भेला तयारी समितिका ४ जना स्टेला तामाङ, यशोकान्ति भट्टचन, चुन्दा बज्राचार्य, र मीरा घले गुरुङ समेत गरी २७ जनाको संघीय परिषद् गठन गरेको थियो । संस्थागत प्रतिनिधिहरू नेपाल मगर संघबाट बमकुमारी बुढा मगर, नेपाल दुरा संघबाट विष्णुमाया दुरा, किरात राई यायोक्खाबाट सोमा राई, दनुवार जागरण समितिबाट सुशीला सिंह, थकाली महिला समूहबाट कुसुम तुलाचन तथा जया शेरचन, किरात याख्खा छुम्माबाट शान्ति जिमी तथा मीना राई, नेपाल भाषा मिसा खलःबाट नारायणदेवी मल्ल, निको प्रगतिशील थामी संघबाट किरण थामी, तामाङ घेदुङ संघबाट मनकुमारी लामा, नेपाल माझी संघबाट गंगादेवी माझी तथा तमुबौद्ध समितिबाट रमीला गुरुङ उपस्थित थिए । उक्त भेलामा पर्यवेक्षकका रुपमा पद्मकन्या (पि.के.) क्याम्पसका धन लामा, दनुवार प्रतिनिधि पुनम सिंह, त्रि-चन्द्र (टि.सि.) क्याम्पसका तारा राई, सगुनका सावित्री गुरुङ र त्रि-चन्द्र (टि.सि.)का सन्ध्या गुरुङ उपस्थित थिए ।

साथै उक्त भेलाले, जसमा भेला आयोजक समिति अर्थात् आदिवासी जनजाति भेला तयारी समितिको ४ जना सदस्यहरू स्टेला तामाङ अध्यक्ष, चुन्दा बज्राचार्य महासचिव, यशो कान्ति भट्टचन कोषाध्यक्ष र मीरा घले गुरुङ सदस्य तथा २३ वटा जातीय संस्थाको तर्फबाट ५

जना सदस्यहरू- मगर संघबाट बमकुमारी बुढा मगर, नेपाल भाषा मिसा खलःबाट नारायणदेवी मल्ल, निको प्रगतिशीलकी थामी समूहबाट किरण थामी, दुरा सेवा समाजबाट विष्णुमाया र किरात राई यायोक्खाबाट सोमा राई - गरी जम्मा ९ जना पदाधिकारी भएको कार्यकारिणीको तदर्थ समितिको गठन गरेको थियो ।

यो कार्यकारिणीको तदर्थ समितिले विधान तयार गरी सरकारमा दर्ता गर्नका लागि दिएको निवेदन २७ जेठ, २०५७ (९ जुन, २०००) मा जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट स्वीकृत भयो ।

*१.२. प्रश्नः राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको स्थापना कुन मितिमा भएको हो ?*

उत्तरः राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको पाँच जना संस्थापक सदस्यहरूको सबैभन्दा पहिलो बैठकको माइन्यूट बुधबार, २ बैशाख, २०५५ (१५ अप्रिल, १९९८) भएको र त्यसपछि सदस्यता बिस्तार गर्दै गएकोले बुधबार, २ बैशाख, २०५५ (१५ अप्रिल, १९९८) नै राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ (निफ) को स्थापनाको दिन हो ।

*१.३. प्रश्नः राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको संस्थापकहरू को को हुन् ?*

उत्तरः राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको पाँचजना संस्थापकहरू यशोकान्ति भट्टचन/गौचन, स्टेला तामाङ, हेमा पुन, मिरा घले गुरुङ र चुन्दा बज्राचार्य हुन् ।

*१.४. प्रश्नः स्थापनाकालदेखि आजसम्म राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको नेतृत्व क-कसले गर्नु भयो ?*

स्थापनाकालदेखि हालसम्मको नेतृत्व यस प्रकार छः

(१) संस्थापक अध्यक्ष स्टेला तामाङ (तामाङ), ९ डिसेम्बर, १९९८ (२३ मंसिर, २०५५) देखि १२ अगष्ट, १९९९ (२७ साउन, २०५६) सम्म,

(२) महासचिव चुन्दा बज्राचार्य (नेवा), १३ अगष्ट, १९९९ (२८ साउन, २०५६) देखि फेब्रुअरी/मार्च, २००१ (फाल्गुण, २०५७) सम्म,

(३) महासचिव बमकुमारी बुढा मगर (मगर), फेब्रुअरी/मार्च, २००१ (फाल्गुण, २०५७) देखि २६ डिसेम्बर, २००३ (११ पौष, २०६०) सम्म,

(४) महासचिव रामप्यारी सुनुवार (सुनुवार), २७ डिसेम्बर, २००३ (१२ पौष, २०६०) देखि २८ डिसेम्बर, २००६ (१३ पौष, २०६३) सम्म,

(५) महासचिव सोमा राई (राई), २९ डिसेम्बर, २००६ (१४ पौष, २०६३) देखि २ जनवरी, २००७ (१८ पौष, २०६६) सम्म,

(६) महासचिव सोनी लामा (तामाङ), ३ जनवरी २००७ (१९ पौष, २०६६) देखि ११ जुलाई, २०१३ (२७ आषाढ, २०७०) सम्म,

(७) अध्यक्ष शान्ति जिरेल (जिरेल), १२ जुलाई, २०१३ (२८ आषाढ, २०७०) देखि ९ नोभेम्बर, २०१६ (२४ कार्तिक, २०७३) सम्म, र

(८) अध्यक्ष चिनीमाया माझी (माझी), १० नोभेम्बर, २०१६ (२५ कार्तिक २०७३) देखि हालसम्म ।

*१.५. प्रश्नः राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ के उद्देश्य राखेर स्थापना भएको थियो ?*

उत्तरः स्थापनाकालमा यसको मुख्य उद्देश्य दुईवटा थियो । एउटा महिला वा लैंगिक वा नारीवादी आन्दोलनमा आदिवासी महिलाको हैसियत स्थापित गर्ने र आदिवासी जनजाति आन्दोलनमा आदिवासी जनजाति महिलाको

हैसियत स्थापित गर्ने । संस्था दर्ता गर्दा विधानमा राखिने औपचारिक उद्देश्यहरू ११ वटा थियो । पारस्परिक एकता, सद्भाव र मातृत्व, समन्वय, भाषा तथा संस्कृत, लोपोन्मुख सीमान्तकृतलाई राज्यबाट विशेष संरक्षणको पहल, साम्प्रदायिक क्रियाकलापको विरोध, सबै प्रकारको भेद्भाव र शोषणको विरोध, मानव अधिकार वारे चेतना जागरण, महिला विरुद्धको भेद्भावको अन्त्य, समान लैंगिक अधिकार, आदिवासी जनजाति महिला विरुद्धको दमन रोक्ने, तथा समान उद्देश्य भएका स्वदेशी तथा विदेशी संघसंस्थासँग सहकार्य गर्ने ।

*१.६. प्रश्नः अहिले राष्ट्रिय आदिवासी जनजाति महिला महासंघमा कुन-कुन आदिवासीको महिलाका संघसंस्थाहरू सदस्य छन् ?*

उत्तरः हालसम्म ५९ मध्ये ४३ वटा आदिवासी महिलाको प्रतिनिधित्व माइन्यूटमा भएको हस्ताक्षरको क्रम अनुसार यस प्रकार छः नेवार, मगर, सुनुवार, राई, थारु, तामाङ, थकाली, माझी, कुमाल, वालुङ, तमु (गुरुङ), दनुवार, शेर्पा, पहरी, मेचे, राजवंशी, याक्थुङ, ल्होमी, डोल्पो, मुगाल, व्याँसी शौका, छन्त्याल, बाऱ्ह गाउँले, ताजपुरीया, भुजेल, जिरेल, गनगाई, धानुक, दुरा, चेपाङ, धिमाल, याक्खा, बराम, थामी, योल्मो, सुरेल, झाँगड, भोटे, दराई, कुसुण्डा, वनकरीया, तोप्केगोला, र बोटे ।

१ देखि ७ गरी सातै प्रदेशमा प्रदेश समन्वय परिषद्हरू छन् । जिल्ला समन्वय परिषद् भएका ६१ जिल्लाहरू यस प्रकार छन्ः इलाम, उदयपुर, सिन्धुली, ओखलढुङ्गा, चितवन, तनहुँ, म्याग्दी, काठमाडौं, नुवाकोट, दोलखा, धनकुटा, मोरङ, बर्दिया, रसुवा, रामेछाप, नवलपुर, रुपन्देही, पाल्पा, भोजपुर, डोल्पा, कास्की, बाँके, झापा, बाग्लुङ, कैलाली, रोल्पा, गुल्मी, पर्सा, सुनसरी, धादिङ, सोलुखुम्बु, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, खोटाङ, दाङ, मकवानपुर, मुगु, ललितपुर, धनुषा, महोत्तरी, सप्तरी, सिराहा,

रौतहट, बारा, सर्लाही, अर्घाखाँची, ताप्लेजुङ, पाँचथर, संखुवासभा, तेन्हथुम, मुस्ताङ, सुर्खेत, कञ्चनपुर, स्यांङजा, डोटी, लमजुङ, रुकुम, प्युठान, डडेलधुरा, गोर्खा र कपिलवस्तु ।

*१.७. प्रश्नः राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको दूरदृष्टि के हो ?*

उत्तरः महासंघको दूरदृष्टि (भीजन) आत्मनिर्णयको अधिकारसहित सामुहिक अधिकार, समता, समानता र आदिवासीको विशिष्ट पहिचान सुनिश्चित भएको समतामूलक समाज स्थापना गर्ने हो ।

*१.८. प्रश्नः राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको मिशन के हो ?*

उत्तरः यूएनड्रिप तथा आईएलओ महासन्धि नं. १६९ लगायतका मानव अधिकारका अन्तर्राष्ट्रिय कानूनहरू तथा मापदण्ड बमोजिम आदिवासी महिलाको सामुहिक अधिकार तथा लैंगिक समानता प्रत्याभूत गर्ने ।

*१.९. प्रश्नः राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको लक्ष्य के हो ?*

उत्तरः विविधतायुक्त आदिवासी महिलालाई भिजीबल (Visible) बनाउंदै आदिवासीहरूको अर्थपूर्ण सामुदायिक समावेशी लोकतन्त्र, सामुहिक अधिकार र आधारभूत स्वतन्त्रता तथा पुनःस्थापनामुखी न्याय (Restorative Justice) उपभोग गर्ने ।

*१.१०. प्रश्नः राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको उद्देश्यहरू के (के हुन् ?*

उत्तरः राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको विधानमा उल्लेख

भएको उद्देश्यहरू ११ वटा छन् । ती निम्न प्रकार छन्ः

१) देशमा विद्यमान सम्पूर्ण आदिवासी जनजाति महिलाहरूको बीचमा पारस्पारिक एकता, सद्भावना एवं मातृत्व भावना अभिवृद्धि गरी देशको विकास एवं राष्ट्रियताको शुद्धिकरणमा ठोस तथा सक्रिय सहयोग उपलब्ध गर्ने गराउने ।

२) विभिन्न आदिवासी जनजाति महिला सँगठनहरूलाई समन्वय गरी साझा सवालमा नीति निर्देशन दिने र नेतृत्व प्रदान गर्ने,

३) देशका विभिन्न आदिवासी जनजाति महिलाहरूको भाषा, साहित्य, लिपि, धर्म, संस्कृति, शिक्षा आदि क्षेत्रमा समान विकास गर्ने एवं आदिवासी जनजाति महिलाहरूको हकहित सम्वर्द्धन गर्ने गराउने,

४) राजनैतिक, आर्थिक, सामाजिक, धार्मिक एवं कानूनी रुपले पीछडिएका तथा अस्तित्व नै लोप हुन लागेका आदिवासी जनजातिहरू महिलाहरूको लागि राज्यबाट विशेष संरक्षण, विकास र आर्थिक उत्थानको निम्ति कार्य गर्न लगाउन सहयोग पुऱ्याउने,

५) सरकारी वा गैरसरकारी क्षेत्रबाट साम्प्रदायिक भावना फैलिने किसिमबाट गरिने कार्यकलापहरूको विरोध गर्दै देशमा राष्ट्रिय एकता तथा जातीय सद्भावनाको विकास गर्ने,

६) विश्वको जुनसुकै भागमा जाति, भाषा, धर्म, लिङ्ग, वर्ण आदिको आधारमा हुने भेद्भाव र शोषणको विरोध गर्दै समानता, स्वतन्त्रता, र मातृत्व पक्षमा जनभावना सृजना गर्ने,

७) मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिपत्रहरूका राज्य पक्षहरूमा सबै पुरुष र महिलालाई सबै आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक एवं राजनैतिक अधिकारहरू समान रुपले भोग गर्न पाउने अधिकार उपलब्ध गराउने दायित्व छ भन्ने कुरा आदिवासी तथा जनजाति महिलाहरूलाई जागरण गर्ने गराउने,

८) महिलाउपर हुने सबै प्रकारका भेद्भाव निर्मुलन सम्बन्धी सन्धिपत्र, १८७९ को उद्देश्य अनुरुप मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणाले भेद्भावको अमान्यताको सिद्धान्तलाई पुष्टि गरेको तथा सबै मानव प्राणी स्वतन्त्र रुपमा एवं समान हक र मसौदामा जन्मेका हुन्छन् तथा प्रत्येकलाई त्यसमा उल्लिखित हकहरू तथा स्वतन्त्रताहरू लिङ्गको आधारमा हुने भेद्भाव लगायत कुनै पनि प्रकारको भेद्भाव रहित उपभोग गर्न पाउँछन् भन्ने घोषणापत्रमा उल्लिखित सिद्धान्तहरूको कार्यान्वयन गर्न तथा त्यस प्रयोजनका लागि सबै प्रकारको भेद्भावलाई निर्मूल गर्न आवश्यक पर्ने उपायहरू अपनाउने । आदिवासी जनजाति महिलाहरूलाई जागरण गर्ने गराउने,

९) पुरुषसरह समान आधारमा महिलाको अधिकारहरूको कानुनी संरक्षणको व्यवस्था गर्ने तथा महिला उपर कुनै पनि भेदभावपूर्ण काम हुन नदिन सक्षम सार्वजनिक निकायहरुद्वारा प्रभावकारी संरक्षण सुनिश्चित गर्ने गराउने ।

१०) जनजाति/आदिवासी महिलाहरुप्रतिको अन्याय, शोषण, दमन रोक्ने ।

११) समान उद्देश्य, धारणा र विश्वासलाई प्रतिनिधित्व गर्ने विदेशी तथा स्वदेशी संघ/संस्थाहरूसँग सम्बन्ध कायम गर्ने गराउने, यस सँगठनको उद्देश्य रहेको छ ।

महासंघको वर्तमान कार्यकारिणी समितिले आगामी महाधिवेशनमा उक्त उद्देश्यलाई संशोधन गर्न निम्न पाँचवटा उद्देश्य प्रस्ताव गर्ने निर्णय गरेको छः

(१) आदिवासी महिलाको सम्पूर्ण सामुहिक अधिकार (यूएनड्रिप) अनुसार संविधान, ऐन, कानून, नीति नियम, योजना तथा कार्यक्रमहरूमा सुनिश्चित गर्ने,

(२) राज्यको हरेक तह र तप्कामा आदिवासी महिलाको पहिचानसहित प्रथाजनित स्वशासित संस्था वा प्रतिनिधिमूलक संस्थाको प्रथाजनित प्रक्रियाबाट प्रत्यक्ष प्रतिनिधित्व सुनिश्चित गर्ने,

(३) आदिवासी महिलाको आधारभूत स्वतन्त्रता सुनिश्चित गर्नका लागि लैंगिक सम्वेदनशीलतासहित आदिवासी महिलाको आर्थिक, सामाजिक, साँस्कृतिक, राजनीतिक, कानूनी र मनोवैज्ञानिक सशक्तिकरण अभिवृद्धि गर्ने,

(४) भूमि, भू-भाग तथा स्रोतमा हुँदै आएको अतिक्रमणलाई रोक्दै भूमि, भू-भाग तथा स्रोतमाथिको स्वामित्व, नियन्त्रण, पहुँच, उपभोग तथा व्यवस्थापनको लागि काम गर्ने,

(५) आदिवासीको प्रथाजनित स्वशासन पद्धतिलाई पुनःस्थापित र/वा सशक्त रुपमा क्रियाशील बनाउने तथा अन्य प्रतिनिधिमूलक आदिवासी महिलाको संस्थागत विकास र क्षमता अभिवृद्धि गर्ने,

(६) आदिवासी महिलाको सामुहिक अधिकार तथा आदिवासी नारीवादलाई पुनःस्थापित गर्नको लागि जनवकालत कार्य सघन बनाउने ।

(७) प्रथाजनित ज्ञान, शीप, प्रविधि तथा व्यवहारका आधारमा आदिवासी महिलाको आर्थिक सशक्तिकरण गर्ने ।

(८) आदिवासी महिला तथा आदिवासी महिलाको मानव अधिकारको सम्बन्धमा अध्ययन अनुसन्धान तथा प्रकाशन गर्ने ।

*१.११. प्रश्नः राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको काम गर्ने विधि तथा तरिका (Approach) के हुन् ?*

उत्तरः राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको वर्तमान बोर्डले आगामी महाधिवेशनमा निम्न चौधवटा काम गर्ने विधि तथा तरिका

(Approach) प्रस्ताव गर्ने निर्णय गरेको छः

- बेउपनिवेशीकरण (Decolonization) तथा आदिवासीकरण (Indigenization) गर्ने उपाय अवलम्बन गर्दछ ।
- नीतिगत परिवर्तनको लागि समुदायगत तहलाई केन्द्रविन्दूमा राखी आदिवासी महिलाका प्रतिनिधिमूलक संस्थाहरूलाई आधार बनाएर काम गर्दछ ।
- समान उद्देश्य भएको स्वदेशी तथा विदेशी संघसंस्था, सञ्जाल, गठबन्धन तथा आन्दोलनसँग सहकार्य गर्दछ ।
- राज्य तथा अन्तर्राष्ट्रिय साझेदारसँगको सम्पर्क, सम्बन्ध तथा सहयोगमा काम गर्दछ ।
- लैंगिक, यौनिकता तथा अपांगता सम्वेदनशील भएर काम गर्दछ ।
- आदिवासी महिलाको नेतृत्व तथा संस्थाको साथै समुदाय तहका आदिवासी महिलाहरूलाई सशक्तिकरण गर्ने काम गर्दछ ।
- आदिवासीको स्वतन्त्र, अग्रीम जानकारीसहितको मञ्जुरी प्राप्त गरेर काम गर्दछ ।
- महिला वा लैंगिकबीच जात, जातीय समता र समानता, तथा आदिवासीभित्र लैंगिक समानताको लागि काम गर्दछ ।
- आदिवासी महिलाको अधिकार र आवश्यकतामा आधारित आन्दोलनको मोडलमा काम गर्दछ ।
- अधिकारवालालाई सचेतना र कर्तव्यवाला तथा सरोकारवालालाई प्रभाव पार्ने काम गर्दछ ।
- हस्तक्षेपकारी विकास तथा उपनिवेशकारी कार्यलाई प्रतिरोध गर्दछ ।
- आत्मनिर्णयको अधिकार, मानव अधिकार तथा जातीय स्वायत्तताको अधिकारलाई केन्द्रमा राखेर काम गर्दछ ।
- लोपोन्मुख, अतिसीमान्तकृत तथा सीमान्तकृत आदिवासी महिलाका साथै हिमाली तथा अन्य दुर्गम क्षेत्रमा बस्ने आदिवासी महिलाहरूलाई

उच्च प्राथमिकता दिँदै सहभागितामूलक, समावेशी, समानुपातिक र प्रतिनिधित्वका लागि काम गर्दछ ।

*१.१२. प्रश्नः राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको रणनीतिहरू के-के हुन ?*

उत्तरः राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको रणनीतिहरू निम्न प्रकार छन्ः

- बहुमुखी पद्धति (Multipronged approach)को अवलम्बन ।
- आदिवासी महिला केन्द्रित ।
- पछाडि फर्केर हेर्दै अगाडि बढ्ने ।
- जनवकालत, पैरवी, प्राज्ञिक तथा सम्बाद ।
- प्रतिच्छेदन ।
- प्रतिरोध ।

*१.१३. प्रश्नः राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको आधारभूत मूल्यहरू के-के हुन ?*

उत्तरः राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको आधारभूत मूल्यहरू निम्न प्रकार छन्ः

- आदिवासी महिलाको आत्मसम्मान,
- आदिवासीवाद,
- पारदर्शिता,
- आदिवासी महिलाहरूप्रतिको जवाफदेहिता,
- सामुहिक जीवन पद्धति,
- प्रथाजनित भूमि, भू-भाग तथा स्रोत र प्रथाजनित स्वशासन पद्धतिको पुस्तान्तरण,
- ऐक्यबद्धता ।

# २. आदिवासी तथा आदिवासी महिलाको परिभाषा र पहिचान

*२.१. प्रश्नः आदिवासी को हो ? भनेर कसरी थाहा पाउने ?*

उत्तरः नेपालको सन्दर्भमा आदिवासी गुथी नेपालको संयोजनमा आदिवासी विज्ञहरूका अनुसार आदिवासी को हो ? यस प्रकार थाहा पाउन सकिन्छः:

- लिखित-अलिखित इतिहास,
- पुख्र्यौली थलो, भूमि र प्राकृतिक सम्पदा,
- भाषा, आत्मिक विश्वास,
- प्रथाजनित संस्था तथा प्रचलनहरू र
- समानतामा आधारित सामाजिक संरचना हो ।

साथै, आदिवासीको पहिचानको विशेषताहरू निम्न प्रकार छन्ः[1]

- मौलिक साँस्कृतिक पहिचान ।
- आफ्नो पुख्र्यौली थलो र भूमिसँग, त्यहाँको प्राकृतिक सम्पदा सामुहिक रुपमा साँस्कृतिक र आत्मिक सम्बन्ध गाँसिएको आदिम जाति ।
- भोट-बर्मेली शाखा तथा मुण्डा वा द्रबिड परिवारका मातृभाषा अद्यावधि बोल्ने वा प्राचीन कालखण्डमा त्यस्तो मातृभाषा बोल्ने भाषिक जाति ।
- परम्परागत रुपमा प्रकृति र पितृ पूजामा आस्था राख्ने समाज ।
- प्रथाजनित राजनीतिक, सामाजिक, सांस्कृतिक संस्थामा आबद्ध हुने तथा प्रथाजनित कानून मान्ने समाज ।
- उपल्लो-तल्लो तहमा बाँडिएको, छुवाछूत प्रचलनमा आधारित जात-प्रथामा भन्दा समानतामा आधारित सामाजिक संरचना र लैंगिक सम्बन्ध आत्मसात गर्ने समाज ।
- आफ्नो पृथक लिखित-अलिखित इतिहास वा कथ्य परम्परा, वास्तुकला, कला-कौशल गीत-संगीत, भेषभुषा, खानपान, आर्थिक

1 आदिवासी गुथी नेपाल

पद्धतिमार्फत सामुहिक साँस्कृतिक पहिचान अभिव्यक्त गर्ने मौलिक समाज ।

- विगत ४ सय वर्षमा विशेषगरी गोरखाली सैन्य अभियानको क्रममा, राज्यबाट आफ्नो पुर्ख्यौली थलोलाई आन्तरिक उपनिवेश बनाइए पछिको कालखण्डमा बसिभूतजाति; राज्यबाट प्रयोजित पराई कानून र पराई राजनीतिक, सामाजिक र साँस्कृतिक संस्थाका साथै पराई प्रचलन स्वीकार्न बाध्य पारिएका हाल राजनीतिक, प्रशासनिक, शैक्षिक रुपमा सीमान्त पारिएका ।
- विगत २५० वर्षमा विशेषगरी गोरखाली सैन्य अभियानको क्रमपछिको कालखण्डमा, राज्यबाट प्रायोजित रुपमा खस-बाहुनको आप्रवासनले गर्दा आफ्नो पुर्ख्यौली थलोबाट विस्थापित भएका; वा केही जातिको सन्दर्भमा संख्यात्मक रुपमै अल्पसंख्यक बन्न पुगेका ।
- भूमि र वन जंगलको राष्ट्रियकरणको नीतिले गर्दा आफ्नो परम्परागत अधिकारबाट च्यूत र बञ्चित भएका र हालको प्राकृतिक स्रोत (जलविद्युत, वन्यजन्तु आरक्षण) को व्यापारिक दोहनबाट विषम प्रभावमा परेका; आर्थिक रुपमा विपन्न पारिएका ।
- कला, सँगीत, शीप, प्राकृतिक उपचार पद्धतिलगायत परम्परागत बौद्धिक सम्पत्तिको अधिकारबाट विमुख पारिएका ।
- ऐतिहासिक कालमा पराई भाषिक परिवारको  खस-नेपाली भाषा अँगाल्न बाध्य पारिएका र कतिपय कारण आफनो भाषा लोप भएका र हुने क्रममा रहेका ।
- राज्य प्रायोजित रुपमा हिन्दू संयन्त्रलाई परिचलन गरी हिन्दू-धर्म, संस्कृति स्वीकार्न बाध्य पारिएका ।
- राज्यले लादेको पराई जात-प्रथा र त्यसभित्र तल्लो सामाजिक हैसियत स्वीकार्न बाध्य पारिएका ।
- इतिहासमा समावेशी लैंगिक सम्बन्ध तथा महिला-पुरुषबीच  सम्पत्तिमा बराबर अधिकार रहेको भए तापनि हाल महिलामाथि विभेद् गर्ने कानून मान्न विवश पारिएका ।

उत्तरः आदिवासी महिला आदिवासी भएकोले आदिवासी को हो ? भनेर त्यसरी थाहा हुन्छ, त्यहीबाट थाहा हुन्छ । आदिवासीमध्येमा जैविक वा सामाजिक रुपमा महिला भनेर पहिचान गरिएकाहरू आदिवासी महिला हुन् । साथै, अपांगता भएका आदिवासी महिलाहरू र आदिवासी समलिंगी महिला (लेज्बीयन), आदिवासी द्विलिङ्गी आदिवासी पारालिंङ्गीलाई आदिवासी यौनिक अल्पसंख्यकहरू पनि आदिवासी महिला हुन् ।

*२.२. प्रश्नः यस आधारमा नेपालका आदिवासीहरू को-को हुन् ?*

उत्तरः नेपाल सरकारले सन् २००२ मा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ लागू गरेर ५९ आदिवासीलाई औपचारिक मान्यता दिएको छ । ती निम्न प्रकार छन्ः

१. किसान २. कुमाल ३. कुशवाडिया ४. कुशुण्डा ५. गनगाई ६. गुरुङ ७. चेपाङ ८. छन्त्याल ९. छैरोतन १०. जिरेल ११. झांगड १२. डोल्पो १३. ताङवे १४. ताजपुरीया १५. तामाङ १६. तीन गाउंले थकाली १७. तोप्केगोला १८. थकाली १९. थामी २०. थारु २१ थुदाम २२. दनुवार २३. दराई २४. दुरा २५. धानुक (राजवंशी) २६. धिमाल २७. नेवार २८. पहरी २९. फ्री ३०. वनकरीया ३१. बरामो. ३२. बाऱ्ह गाउँले ३३. बोटे ३४. भुजेल ३५. भोटे ३६. मगर ३७. माझी ३८. मार्फाली थकाली ३९. मुगाली ४०. मेचे (वोडो) ४१. याक्खा ४२. राई ४३. राउटे ४४. राजवंशी (कोच) ४५. राजी ४६. लार्के ४७. लिम्बू ४८. लेप्चा ४९. ल्होपा ५०. ल्होमी (शिङसावा) ५१. वालुङ ५२. व्यासी ५३. शेर्पा ५४. सतार (सन्थाल) ५५. सियार ५६.सुनुवार ५७. सूरेल ५८. हायू ५९. ह्योल्मो ।

केही आदिवासीहरू सूचीकरणमा छुटेकोले नेपाल सरकारले गठन गरेको उच्चस्तरीय कार्यदलले १७ फेब्रुअरी, २०११ (५ फाल्गुण, २०६७)

मा सूची परिमार्जन गरी ८१ आदिवासी जनजातिको सिफारिश गरेको थियो । तर उक्त प्रतिवेदन विवादास्पद भई कार्यान्वयन भएको छैन ।

*२.३. प्रश्नः नेपालका आदिवासीहरूलाई कसरी वर्गीकरण गरिएको छ ?*

उत्तरः नेपाल आदिवासी जनजाति महासंघले सरकार र दातृ निकायको सहयोगलाई आदिवासी भित्रका लक्षित आदिवासीलाई ध्यान देओस् भन्ने हिसावले साक्षरता तथा शिक्षा, प्रतिव्यक्ति आय, जग्गा जमीनको स्वामित्व आदिको आधारमा निम्न ५ समूहमा वर्गीकरण गरेको छः

क. लोपोन्मुख समूह (१० आदिवासी)

(१) किसान (२) कुशवाडिया (३) कुशुण्डा (४) वनकरीया (५) मेचे (वोडो) (६) राउटे (७) लेप्चा (८) सुरेल (९) हायू (१०) राजी

ख. अतिसीमान्तकृत समूह (१२ आदिवासी)

(१) चेपाङ (२) झाँगड (३) थामी (४) थुदाम (५) दनुवार (६) धानुक (राजवंशी) (७) बरामो (८) बोटे (९) माझी (१०) ल्होमी (शिङसावा) (११) सतार (सन्थाल) (१२) सियार

ग. सीमान्तकृत समूह (२० आदिवासी)

(१) कुमाल (२) गनगाई (३) डोल्पो (४) ताजपुरीया (५) तामाङ (६) तोप्केगोला (७) थारु (८) दराई (९) दुरा (१०) धिमाल (११) पहारी (१२) फ्री (१३) भुजेल (१४) मुगाली (१५) भोटे (१६) राजवंशी (कोच) (१७) लार्के (१८) ल्होपा (१९ वालुङ (२०) सुनुवार

घ. सुविधा बञ्चित समूह (१५ आदिवासी)

(१) गुरुङ (२) छन्त्याल (३) छैरोतन (४) जिरेल (५) ताङ्वे (६) तीन गाउँले थकाली (७) बाह्रगाउँले (८) मगर (९) मार्फाली थकाली (१०) याक्खा (११) राई (१२) लिम्बू (१३) व्यासी (१४) शेर्पा (१५) ह्योल्मो

ङ. उन्नत समूह (२ आदिवासी)
(१) थकाली (२) नेवार

*२.४. प्रश्नः के आदिवासी महिलाहरू अल्पसंख्यक हुन् ?*

उत्तरः आदिवासी महिलाहरू आदिवासी हुन्, अल्पसंख्यक होइनन् । १८ डिसेम्बर, १९९२ को राष्ट्रिय वा जातीय, धार्मिक र भाषिक अल्पसंख्यकमा पर्ने व्यक्तिहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघको घोषणापत्र अनुसार अल्पसंख्यकलाई भाषिक, साँस्कृतिक, सामाजिक, आर्थिक र सार्वजनिक जीवनमा व्यक्तिगत र समूहगत अधिकार हुन्छ । तर आदिवासीको जस्तो आत्मनिर्णयको अधिकार, स्वायत्तता र प्रथाजनित स्वशासन पद्धति तथा कानूनको अधिकार, भूमि, भू-भाग तथा स्रोतमा अधिकारलगायतका सामुहिक अधिकार हुँदैन । त्यसैले अल्पसंख्यकको घोषणापत्र अनुसार आदिवासी अल्पसंख्यक होइनन् ।

तर स्थानीय निर्वाचनमा प्रतिनिधित्व सुनिश्चित गर्ने प्रयोजनको लागि निर्वाचन आयोगको अनुरोधमा गृहमन्त्रालयले २४ अप्रील, २०१७ मा राजपत्रमा प्रकाशित गरी ९८ वटा अल्पसंख्यक सूचीकृत गरेकोले कानूनतः अल्पसंख्यक आदिवासी महिला छन् भन्ने देखिन्छ । तर यो आदिवासीलाई अधिकारविहीन गराउने बाहुनवादी जाल र छल मात्र हो । आदिवासीहरू नेपालका अन्य जात, जाति जस्तै संख्यात्मक रुपमा अल्पसंख्यक हुन् । तर अल्पसंख्यकको वास्तविक अर्थमा भने अल्पसंख्यक होइनन् । सरकारले सूचीकृत गरेको (सूची) मा ५९ आदिवासीमध्येका ३५ आदिवासीहरू र थप १३ सूचीउन्मूख आदिवासीहरूलाई पारिएको छ । ५९ आदिवासीमध्येका कुमाल, सतार/सन्थाल, राजवंशी, शेर्पा, दनुवार, माझी, चेपाङ, सुनुवार, ताजपुरीया, दराई, पहरी, भोटे, थकाली, छन्त्याल, ह्योल्मो, बोटे, बराम, जिरेल, दुरा, मेचे, राजी, डोल्पो, व्यासी शौका,

लेप्चा, पत्थरकट्टा/कुशवाडिया, किसान, तोप्केगोला, वालुङ, हायु, ल्होपा, कोचे, ल्होमी, राउटे र कुसुण्डा पारिएका छन् । साथै यसले सूचीउन्मूख १३ वटा समुदायलाई पनि समावेश गरेको छ, जसमा कुलुङ, घले, खवास, नाछिरिङ, याम्फू, चामलिङ, आठपहरिया, बान्तावा, थुलुङ, मेवाहाङ वाला, साम्पाङ, खालिङ र लोहोरुङ पनि पारिएका छन् । आदिवासीलाई अल्पसंख्यक बनाउने सरकारको निर्णयको विरुद्धमा नेपाल आदिवासी जनजाति महासंघले लाहुर्निपको कानूनी सहयोगमा सर्वोच्च अदालतमा ३० मे २०१७ मा मुद्दा दायर गरेको थियो । अल्पसंख्यकलाई आत्मनिर्णय र भूमि, भू-भाग तथा स्रोतमा स्वामित्व र नियन्त्रणको अधिकार नहुने भएकोले आदिवासीलाई अल्पसंख्यकमा राख्नु प्रत्यक्ष रुपमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८, आदिवासीको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघको घोषणापत्र तथा अन्तर्राष्ट्रिय श्रम सँगठन महासन्धि नं १६९ को विरुद्धमा छ ।

जनसंख्याविद्हरूले जनसंख्याको आधारमा कम जनसंख्या भएकोलाई अल्पसंख्यक र धेरै जनसंख्या भएकोलाई बहुसंख्यक भन्ने गर्दछन् । समाजशास्त्रीहरूले पनि अल्पसंख्यक भन्नाले बहुसंख्या वा कम संख्यामा भए पनि शोषण, दमन, उत्पीडन, विभेद् आदिमा परेकालाई मान्दछन् भने जसले शोषण, दमन, उत्पीडन, विभेद् गर्छ, उनीहरूको जनसंख्या न्यून भए पनि प्रभुत्वशाली वर्गमा राख्ने गर्दछ ।

समग्रमा आदिवासी र विशेषगरी आदिवासी महिला अल्पसंख्यक होइन, आदिवासी हो ।

*२.५. प्रश्नः के आदिवासी महिलाहरू स्थानीय समुदाय हो ?*

उत्तरः आदिवासीको आफ्नो ऐतिहासिक थातथलोमा आदिवासी महिलाहरू आदिवासी हुन्, स्थानीय समुदाय होइनन् । स्थानीय समुदाय

भन्नाले उक्त थातथलोमा बसोवास गर्ने अन्य जात, जातिका मानिसलाई समेत जनाउँछ । स्थानीय समुदाय भने पछि सबै जात, जातिका स्थानीय समुदायको समान अधिकार हुन्छ । तर उनीहरूको आफ्नो भूमि, भू-भाग तथा स्रोत हुँदैन । आदिवासीको आफ्नै सामुहिक अधिकार हुन्छ । जस्तैः सरकार, निजी कम्पनीले आदिवासीको थातथलोमा आदिवासीलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभाव पार्ने कुनै पनि कार्य परेमा आदिवासीको स्वतन्त्र, अग्रीम जानकारीसहितको मञ्जुरी प्राप्त गरेर मात्र गर्न पर्दछ । स्थानीय समुदायको हकमा स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जूरी प्राप्त गर्न पर्दैन, व्यापक परामर्श गरेर सम्झौता गर्न सक्दछ । तर त्यस्तो सम्झौता आदिवासीले हुन्छ भनेर मञ्जुरी दिएपछि मात्र अघि बढ्छ, नत्र त्यो अघि बढ्न सक्दैन । आदिवासी महिलाहरू जो आफ्नो थातथलोमा नभएर अन्यको थातथलोमा बसोवास गरेका छन् भने त्यहाँ स्थानीय समुदायमध्ये एकमा पर्दछ ।

*२.६. प्रश्नः के आदिवासी महिलाहरू सरोकारवाला हो ?*

उत्तरः आदिवासी महिलाको थातथलो अर्थात् भूमि, भू-भाग र स्रोतमा आदिवासी महिला अधिकारवाला हो, सरोकारवाला होइन । आफ्नो थातथलोमा भएका अन्य जात-जातिहरू सरोकारवाला हुन्, अधिकारवाला होइनन् । आदिवासी महिलाहरू आफ्नो थातथलो बाहिर बसोवास गरेका भए उक्त ठाउंमा सरोकारवाला हुन्छ, अधिकारवाला हुँदैन ।

*२.७. प्रश्नः प्रतिच्छेदन (Intersectionality) भनेको के हो ?*

उत्तरः प्रतिच्छेदन (Intersectionality) भनेको महिला वा आदिवासी वा एलजीबीटिआईक्यू वा अपांगता भएका व्यक्तिभित्र पनि फरक हुन्छ ।

- आदिवासी भनेको सबै एकरुप नभएर आदिवासीभित्र आदिवासी महिला, आदिवासी एलजीबीटिआईक्यू, आदिवासी अपांगता भएका

व्यक्ति, तथा वर्गको हिसावले उत्पादनको साधनमा नियन्त्रण भएको र नभएको वा धनी वा गरीब हुन्छ ।

- महिला भनेको सबै एकरुप नभएर महिलाभित्र आदिवासी महिला, बाहुन, क्षेत्री महिला, दलित महिला, मधेशी महिला, मुस्लिम महिला, एलजीबीटिआईक्यू, अपांगता भएका महिला व्यक्ति तथा वर्गको हिसाबले उत्पादनको साधनमा नियन्त्रण भएको र नभएको वा धनी वा गरीब हुन्छ ।
- अपांगता भएका व्यक्तिमध्ये अपांगता भएका आदिवासी महिला पनि हुन्छ ।
- एलजीबीटिआईक्यू व्यक्तिमध्ये एलजीबीटिआईक्यू आदिवासी महिला पनि हुन्छ ।
- वर्गको हिसावले उत्पादनको साधनमा नियन्त्रण भएको र नभएको वा धनी वा गरीबमध्ये आदिवासी महिला पनि हुन्छ ।

# ३. आदिवासी महिला र अन्य महिलाबीच समानता तथा भिन्नता

*३.१. प्रश्नः कथित 'मूल प्रवाह' का महिला अर्थात् बाहुन, क्षेत्री महिला र आदिवासी महिलाबीच के भिन्नता छ ?*

उत्तरः धेरै हिसाबले भिन्न छ ।

(क) आदिवासीको समाज समानतामा आधारित (Egalitarian) भएकोले र नाता सम्बन्धमा आधारित सामुहिक जीवन पद्धति हुने भएकोले मातृभाषामा महिला र पुरुषबीच विभेद्कारी शब्दहरू छैनन् र व्यवहारमा नजिकको नातासम्बन्ध जस्तै आमा, जेठी आमा, कान्छी आमा, छोरी, फुपू, भदैनी, माइज्यु, भाञ्जी आदि हुन्छ । गैरआदिवासीहरूको जस्तो सासु र बुहारीको अवधारणा हुँदैन । आदिवासीहरूको कार्य विभाजन सामान्यतः महिलाले घरायसी काम र पुरुषले बाहिरको काम मात्र गर्ने नभएर दुवैले आवश्यकता र अनुकूलता अनुसार जुनै सुकै काम पनि गर्नसक्दछ । विवाह गर्दैमा माईतीसँगको प्रगाढ सम्बन्ध विच्छेद हुँदैन । यसको विपरीत औपनिवेशिक पितृसत्ता अन्तर्गत जैविक आधारमा महिलाको लिङ्ग (Sex) महिला तर सामाजिक निर्माण र परिवार तथा समाजमा कार्य विभाजन र भूमिकाको हिसाबले महिलालाई घरायशी अर्थात् व्यक्तिगत तहमा भूमिका सीमित रहेको अर्थमा लिने गरिन्छ । हिन्दू बाहुनवादी पितृसत्ता अन्तर्गत मनुको अनुसार महिलाहरू जन्मदा पिताको, विवाहपछि पतिको र बच्चा जन्माएपछि छोराको नियन्त्रणमा रहेको मानिन्छ ।

(ख) कथित 'मूल प्रवाह' का महिला अर्थात् खस-आर्य महिला (क्षेत्री, बाहुन, ठकुरी, दशनामी) लाई संविधान, ऐन, कानून र नीतिहरूमा

कानूनी व्यक्तिको रुपमा चिनेको छ । आदिवासी तथा आदिवासी महिला, दलित, मधेशी, मुस्लिमलाई त्यसरी चिनेको छैन ।

(ग) कथित 'मूल प्रवाह'का महिलाहरू संविधान, ऐन, कानून, योजना, नीति र कार्यक्रमहरू जताततै देखिन्छन् तर आदिवासी महिलाहरू त्यसरी कहीं, कतै देखिदैनन् ।

(घ) आदिवासी महिलाहरू कथित 'मूल प्रवाह' का महिला र पुरुष दुवैबाट ऐतिहासिक अन्याय र संरचनागत हिंसाका शिकार भएका छन् । यो भनेको आदिवासी महिलाहरू तीन प्रकारका भेद्भावबाट पीडित छन्ः

(अ) पृथ्वीनारायण शाहले राज्य-नेतृत्वमा एकीकरण गर्ने प्रक्रियाको कारण पहिचान गुम्नु; आत्मनिर्णयको निषेधले गर्दा आदिवासीहरू राज्यविहीन छन् र औपनिवेशीकरणमा पारिएको छ ।

(आ) आदिवासी महिलालाई आफ्नै ऐतिहासिक थातथलोमा भूमि, भू-भाग र स्रोतहरूबाट अलग-थलग वा विमुख गराइएको छ साथै आदिवासीको आफ्नै प्रथाजनित स्वशासन पद्धति तथा प्रथाजनित कानून छ ।

(इ) आदिवासी महिला पितृसत्ताबाट दुई भिन्न तरिकाले पीडित छन्ः

(क) धेरै आदिवासीहरू जो राज्य-नेतृत्वमा भएको हिन्दूकरण र संस्कृतीकरणको प्रभावमा परेका छन् । उनीहरूले पितृसत्ताको प्रयोग गर्ने र महिला र किशोरी विरुद्ध भेद्भाव गर्दछन्;

(ख) हिन्दू पितृसत्ताको विचारधारामा आधारित राज्यले आदिवासी महिलालगायत सबै महिलालाई दोस्रो दर्जाको नागरिकको रुपमा व्यवहार गर्दछ ।

(ई) आदिवासी महिलाले आदिवासीको हैसियतले सामुहिक तथा

महिला र व्यक्तिको हैसियतले व्यक्तिगत अधिकार दुवै उपभोग गर्न पाउँछन् । तर कथित 'मूल प्रवाह'का महिलाको व्यक्तिगत अधिकार हुन्छ र आदिवासीको जस्तो सामुहिक अधिकार हुँदैन ।

*३.२. प्रश्नः आदिवासी महिला र दलित महिलाबीच के समानता र के भिन्नता छ ?*

उत्तरः आदिवासी महिला र दलित महिलाबीच मुख्य समानता भनेको दुवै बाहुनवादबाट पीडित छन् । दुवैलाई राज्यले ऐतिहासिक अन्याय, बहिष्करण र सीमान्तीकरण गर्दै आएको छ। आदिवासी महिला र मधेशी महिलाबीचको समानता भनेको मातृभाषामा विभेद् भोग्न बाध्य हुनु हो ।

आदिवासी महिला र दलित महिलाबीच आधारभूत भिन्नता छ । दलित महिला हिन्दू वर्ण व्यवस्था र जात अन्तर्गत पर्दछन् र तर आदिवासी महिलाहरू यसमा पर्दैन । आदिवासी महिलाले छुवाछूत भोग्न पर्दैन । तर दलित महिलाहरू जातीय छुवाछूतबाट हजारौं वर्षदेखि पीडित रहँदै आएका छन् । आदिवासी महिलाको ऐतहासिक थताथलो छ । तर धेरै दलित महिलाहरू भूमिहीन छन् ।

सन् १८५४ (वि.सं. १९१०) मा जंगबहादुर राणाले बनाएको मुलुकी ऐनले आदिवासी महिलालाई मतवाली अन्तर्गत राखेर दलित महिला र पुरुषलाई जातीय छुवाछूत गर्न बाध्य बनाएको थियो । हिन्दूकरणमा पारिएका कतिपय आदिवासीले दलित महिला र पुरुषलाई छुवाछूतको व्यवहार गर्दछन् । यो गलत छ र यो आदिवासीको प्रथा र परम्परा नभएकोले छुवाछूत जस्तो अत्यन्त अमानवीय व्यवहार गर्न हुँदैन ।

*३.३. प्रश्नः आदिवासी महिला र मधेशी महिलाबीच के समानता र के भिन्नता छ ?*

उत्तरः मधेशी महिलाहरू हिन्दू वर्ण व्यवस्था अर्थात् ब्राह्मण, क्षेत्रीय, वैश्य र शुद्र अन्तर्गत पर्दछन् भने आदिवासी महिलाहरू यस अन्तर्गत पर्दैनन् । मधेशी महिला र खस-आर्य तथा दलित महिलाको एउटै धर्म हो-हिन्दू धर्म । आदिवासी महिलाको धर्म प्रकृति पुजन, बोन, बौद्ध, लामा, किरात आदि हो । मधेशी महिलालाई छालाको रंगको आधारमा पहाडीयाले नेपाली होइन, भारतीय हो भनेर अमानवीय रुपमा भेद्भाव गर्ने गर्दछन् । यस्तो भेद्भाव तराईका कतिपय आदिवासीहरूले पनि मधेशी महिलाले जस्तै भोग्ने गर्दछन् । तर हिमाल र पहाडका आदिवासी महिलाले भने यस्तो भेद्भाव भोग्न पर्दैन ।

*३.४. प्रश्नः आदिवासी महिला र मुस्लिम महिलाबीच के समानता र के भिन्नता छ ?*

उत्तरः मुस्लिम महिलाको धर्म इस्लाम हो भने आदिवासी महिलाको धर्म प्रकृति पुजन, बोन, किरात, बौद्ध, लामा आदि हो । भाषामा खस नेपाली तथा संस्कृत, र धर्ममा हिन्दूबाट दुवैलाई विभेद् छ ।

# ४. आदिवासी महिलाको प्रमुख समस्या तथा अधिकारहरू

*४.१. प्रश्नः अहिलेसम्म आदिवासी महिलाहरूले भोग्दै आएका प्रमुख समस्याहरू के के हुन् ?*

आदिवासी महिलाले भोग्दै आएका प्रमुख समस्याहरू यस निम्न प्रकार छन्ः

- आदिवासी महिलाको कानूनी रुपमा समेत प्रष्ट पहिचान नहुनु हो ।
- आदिवासी महिला तथा समग्र आदिवासीले भोग्दै आएका प्रमुख समस्या आन्तरिक उपनिवेशलगायतका सबै किसिमको उपनिवेशवाद हो ।
- आदिवासीको आत्मनिर्णय, स्वायत्तता, प्रथाजनित, स्वशासन पद्धति लोप हुने क्रममा जानु प्रमुख समस्या हो ।
- आफ्नै ऐतिहासिक थातथलो, भूमि, भू-भाग तथा स्रोतमा सामुहिक स्वामित्व, नियन्त्रण, पहुँच, प्रयोग, उपभोग, व्यवस्थापन तथा संरक्षण आदि अधिकारबाट विमुख गरी शरणार्थीको हैसियतमा पुग्न बाध्य बनाइनु प्रमुख समस्या हो ।
- आदिवासी महिलाहरू हिन्दू पितृसत्ता र औपनिवेशिक पितृसत्ताको प्रभावको कारण लैंगिक भेदभाव बढ्दै जानु प्रमुख समस्या हो ।
- सबै तह र तप्काका सार्वजनिक जीवनको नीति निर्णायक तहमा आदिवासी महिलाको अर्थपूर्ण सहभागिता र प्रतिनिधित्व नहुनु अर्को समस्या हो ।
- आदिवासीको प्रथाजनित र गैरप्रथाजनित सबै संघसंस्थाहरूमा आदिवासी महिलाको समान सहभागिता तथा समान प्रतिनिधित्व नहुनु समस्या हो ।
- सरकार तथा निजी क्षेत्रका कम्पनीहरूले आदिवासी महिलालगायत आदिवासीसँग स्वतन्त्र अग्रीम जानकारीसहितको मञ्जूरी प्राप्त नगरी

कानूनी, प्रशासनिक तथा हस्तक्षेपकारी विकास लादिनु प्रमुख समस्या हो ।

- आदिवासी महिलाहरू महिला भएको तथा महिलामा पनि आदिवासी महिला हुनुको कारणले महिला विरुद्धको हिंसा र भेद्भाव तथा आदिवासी महिला विरुद्धको हिंसा र भेद्भावको शिकार हुनु प्रमुख समस्या हो ।
- आदिवासी महिलाको प्रथाजन्य ज्ञान, शीप, प्रविधि र व्यवहारलाई सरकारले अपराधिकरण गर्नु पनि प्रमुख समस्या हो ।
- मातृभाषाहरू लोप भएर जानु, मातृभाषामा शिक्षा नहुनु, सरकारी कामकाजमा मातृभाषाको मान्यता नहुनु पनि प्रमुख समस्या हो ।
- आदिवासी महिलाको प्रथाजनित आर्थिक सशक्तिकरण लोप हुँदै जानु पनि समस्या हो ।
- अन्य जात, जातिकाले आदिवासी महिलाहरूको प्रथाजनित पोशाक, बोली र पहिचानलाई होच्याएर बोल्ने तथा व्यवहार गर्ने पनि समस्या हो ।

*४.२. प्रश्नः आदिवासी महिलाको हक/अधिकारहरू कुन अन्तर्राष्ट्रिय कानून वा दस्तावेजले सुनिश्चित गरेको छ ?*

उत्तरः विभिन्न आदिवासी महिलाको अधिकारहरू निम्न अन्तर्राष्ट्रिय कानून वा दस्तावेजहरूले सुनिश्चित गरेका छन्ः

क. आदिवासी महिला आदिवासी भएकोले आदिवासीको सबै अधिकार आदिवासी महिलाको पनि अधिकार हो । जस्तै(आदिवासीको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघको घोषणापत्र, २००७ अन्तर्राष्ट्रिय श्रम सँगठनको महासन्धि नं १६९, जैविक विविधता सम्बन्धी महासन्धिको धारा ८ (जे) आदिवासीको विश्वसम्मेलन, २०१४ को परिणामपत्रमा भएका आदिवासीको सबै अधिकार आदिवासी महिलाको पनि समान अधिकार हो ।

ख. आदिवासी महिला, महिला पनि भएकोले महिलाको सबै अधिकार आदिवासी महिलाको पनि अधिकार हो । जस्तै-महिला विरुद्ध हुने सबै किसिमका भेद्भाव उन्मूलन गर्ने महासन्धि (सीड), बेईजिङ घोषणापत्र तथा कार्य योजनाले सुनिश्चित गरेको महिलाको सबै अधिकार आदिवासी महिलाको पनि अधिकार हो ।

ग. एलजीबीटीआईक्यूको सम्बन्धमा यज्ञकार्ता सिद्धान्तहरूमा प्रतिपादित अधिकारहरू आदिवासी एलजीबीटीआईक्यूको पनि अधिकार हो ।

घ. मानव अधिकारको विश्वव्यापी घोषणापत्र, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६, सबै किसिमका नश्लीय (जातीय) भेद्भाव उन्मूलन गर्ने महासन्धिलगायतका अन्तर्राष्ट्रिय महासन्धि, घोषाणापत्र, प्रतिज्ञापत्र आदिमा सुनिश्चित व्यक्तिको अधिकारहरू आदिवासी महिलाको पनि अधिकार हो ।

*४.३. प्रश्नः आदिवासी महिलालाई के-के अधिकार छ ?*

उत्तरः आदिवासी महिलालाई सामुहिक, समूहगत र व्यक्तिगत अधिकार हुन्छ ।

- आदिवासी महिला आदिवासी भएकोले आदिवासीको सामुहिक अधिकार आदिवासी महिलाको पनि समान अधिकार हो । यूएनड्रिप र आईएलओ महासन्धि नं १६९ मा भएका सबै अधिकार सामुहिक अधिकार हो र यो आदिवासी महिला, पुरुष र एलजीबीटीआईक्यू, बालबालिका, युवा र पाका, सपाङग र अपांगता भएका व्यक्ति, भाषा, विश्वास, वर्ग, क्षेत्र अन्तर्गत पर्ने सबै आदिवासीको सामुहिक अधिकार हो ।
- मानव अधिकारको महासन्धि, अभिसन्धि वा प्रतिज्ञापत्र तथा घोषणापत्रहरू आदि प्रायजसो व्यक्तिगत अधिकारमा केन्द्रित

छ । मान्छेले मान्छेको रुपमा उपभोग गर्न पाउने व्यक्तिगत अधिकार आदिवासीलगायत जो कोही व्यक्तिले उपभोग गर्न पाउने भएकोले आदिवासीको पनि अधिकार हो ।

- आदिवासी महिला विभिन्न समूह, जस्तै-महिलाको समूह, एलजीबीटीआईक्यूको समूह, अपांगता भएको व्यक्तिको समूह, मातृभाषी समूह, विश्वास समूह आदिमा पर्ने भएकोले सम्बन्धित समूहको समूहगत अधिकार पनि आदिवासी महिलाको अधिकार हो ।

आदिवासीको हैसियतमा उपभोग गर्न पाउने अधिकार सामुहिक अधिकार हो भने अन्य अधिकारहरू, खासगरेर महिला र व्यक्तिको हैसियतमा पाउने अधिकार व्यक्तिगत अधिकार हो ।

*४.४. प्रश्नः आदिवासीको हैसियतमा आदिवासी महिलाका सामुहिक अधिकारहरू के-के हुन् ?*

उत्तरः आदिवासीको हैसियतमा आदिवासी महिला, आदिवासी पुरुष र आदिवासी एलजीबीटीआईक्यू, अपांगता भएका आदिवासी महिलाहरू सबैको सामुहिक अधिकार बराबर हुन्छ । कसैको घटी र कसैको बढी हुँदैन । आदिवासी महिलालगायतका आदिवासीको सामुहिक अधिकार यस प्रकार छः (१) पृथक पहिचानको अधिकार, (२) आत्मनिर्णयको अधिकार, (३) स्वायत्तताको अधिकार, (४) स्वशासनको अधिकार, (५) भूमि, भू-भाग र प्राकृतिक स्रोतहरूमाथिको सामुहिक स्वामित्व, नियन्त्रण, फाईदा, प्रयोग र व्यवस्थापनको अधिकार, (६) परामर्श तथा स्वतन्त्र, अग्रीम जानकारीसहितको  मञ्जूरीको अधिकार, (७) प्रथाजन्य कानून र संस्थाको अधिकार, (८) आत्मनिर्णीत विकासको अधिकार, (९) सहभागिता र प्रतिनिधित्वको अधिकार, (१०) आदिवासी ज्ञान र बौद्धिक सम्पत्तिमाथिको अधिकार, (११) आदिवासी सञ्चारको अधिकार, (१२) मातृभाषा र आदिवासी शिक्षाको अधिकार, (१३) आदिवासी स्वास्थ्यको

अधिकार, (१४) अन्तरदेशीय सहयोगको अधिकार, र (१५) आदिवासी महिला, आदिवासी बालबालिका, आदिवासी जेष्ठ नागरिक र आदिवासी अपांगता भएका व्यक्तिलाई प्राथमिकताको अधिकार ।

आदिवासी महिलालाई सामुहिक अधिकार छ भन्नुको अर्थ आफनो थातथलोमा मातृभाषाको प्रयोग गरेर प्रथाजन्य कानून र संस्थाको माध्यम भूमि, भू-भाग र स्रोतहरूको सामुहिक स्वामित्व, नियन्त्रण, पहुँच, कार्यान्वयन, व्यवस्थापन, उपभोग र अनुगमन सामुहिक निर्णय र सामुहिक रुपबाट गर्ने भन्ने हो । प्रथाजनित नेतृत्व, जस्तै थारुको बडघर, नेवाको गुठी, थकालीको घम्प आदिले व्यक्तिगत रुपमा नभई सामुहिक रुपबाट काम गर्ने हो ।

*४.५. प्रश्नः आदिवासी महिलाको आत्मनिर्णयको अधिकार भनेको के हो ?*

उत्तरः आदिवासी महिलालागयतका आदिवासीले सामुहिक रुपमा आत्मनिर्णयको अधिकार उपभोग गर्न पाउँछ । यो अविभाज्य, अहरणीय, नैसर्गिक अधिकार हुन् । यो अरुले दिने वा आदिवासी महिलाले मागेर लिने कुरा होइन । यो आफैंमा अन्तर्निहीत अधिकार हो । आदिवासी महिलालगायतका आदिवासीले आफ्नो समुदायको प्रथाजनित स्वःशासन पद्धति, प्रथाजनितक कानून तथा संस्था, सामाजिक, साँस्कृतिक, आर्थिक राजनीतिक लगायतका हरेक कुराहरू आफैंले सामुहिक रुपमा निर्णय गर्ने अधिकार छ । राज्य, सरकार, वडा र नगर वा गाउँपालिका लगायतका स्थानीय निकायहरू, गैरसरकारी संस्था, दातृ निकाय र अन्य समुदायको जो कोहीले पनि सम्बन्धित आदिवासी महिलालाई केही कुरा पनि लाद्न, थोपर्न पाइदैन ।

*४.६. प्रश्नः आदिवासी महिलाको आत्मनिर्णयको अधिकार र अन्य महिलाको आत्मनिर्णयको अधिकार एउटै हो कि फरक हो ?*

उत्तरः फरक हो, एउटै होइन । लैंगिक दृष्टिकोणबाट महिलाको आत्मनिर्णय भन्नाले महिलाको आफ्नो शरीरमाथि आफ्नो अधिकार हुन्छ । अर्थात् अंग्रेजीमा *राईट्स टु वान्स वन बडी* (Right to one's own body) भन्ने गरिन्छ । यो भनेको महिलाले कुन उमेरमा अर्थात् कहिले विवाह गर्ने, कोसँग गर्ने, विवाह गरिसकेपछि श्रीमानसँग कुन बेला यौनसम्बन्ध राख्ने, गर्भवती हुने वा नहुने र भए कुन बेला हुने, गर्भ रहेको अवस्थामा गर्भपतन गर्ने वा नगर्ने, कतिवटा बच्चा जन्माउने लगायतका विषयमा आफैंले निर्णय गर्न पाउने अधिकारलाई महिलाको आत्मनिर्णयको अधिकार भनिन्छ । यो महिलाको मानव अधिकार व्यक्तिगत अधिकार हो । यो अधिकार सीडले सुनिश्चित गरेको छ ।

आदिवासी महिलाको आत्मनिर्णयको अधिकार भन्नाले आदिवासी महिला तथा आदिवासी पुरुष दुवैले आफनो ऐतिहासिक भूमि, भू-भाग तथा स्रोतमा स्वायत्तता, प्रथाजनित स्वशासन पद्धति, प्रथाजनित कानून, भूमि, भू-भाग तथा स्रोतमा सामुहिक स्वामित्व, नियन्त्रण, पहुँच, उपयोग, उपभोग तथा व्यवस्थापन लगायतका अधिकारहरू पर्दछन् । यो अधिकार यूएनड्रिपले सुनिश्चित गरेको छ ।

महिलाको शरीरमाथिको आत्मनिर्णयको अधिकार हरेक महिलाको अधिकार हो भने आदिवासी महिलाको आत्मनिर्णयको अधिकार आदिवासी महिला तथा आदिवासी पुरुष दुवैको हो । तर गैरआदिवासी महिलाको भने होइन ।

आदिवासीको आत्मनिर्णयको अधिकारको दुईवटा पाटो हुन्छ । एउटा स्वायत्तता र अर्को स्वशासन हो । आत्मनिणर्यको अधिकार आदिवासी आफैंमा अन्तर्निहीत (वंशासिद्ध), अहरणीय, अविभाज्य,

प्राकृतिक, विश्वव्यापी र आधारभूत मानव अधिकार तथा स्वतन्त्रता हो । यो राज्यले आदिवासीलाई दया, मायाले दिने र आदिवासीले राज्यबाट लिने अधिकार होइन ।

*४.७. प्रश्नः आदिवासी महिलाको स्वायत्तताको अधिकार भनेको के हो ?*

उत्तरः आदिवासी महिलाको स्वायत्तता अधिकार भनेको आफ्नो ऐतिहासिक थातथलो अर्थात् भूमि, भू-भाग तथा स्रोतमा भू-क्षेत्रगत स्वायत्तता हो । स्वायत्तता आदिवासी महिलाको बेग्लै र आदिवासी पुरुषको बेग्लै हुँदैन । यो दुवैको सामुहिक र बराबरी अधिकारको कुरा हो । यो सूचीकृत ५९ र सूचीकरण उन्मुख केही आदिवासीलगायत प्रत्येक आदिवासी राष्ट्र हो तर आफ्नो भूमि, भू-भाग तथा स्रोतमा आफ्नो स्वामित्व तथा नियन्त्रण भने राज्यले खोसेको अवस्था छ । आदिवासी महिलालगायतका आदिवासीलाई राष्ट्र-राज्यको अधिकार छ । स्वायत्तताको उदाहरणको लागि याक्थुङ "लिम्बू" को याक्थुङ लाजे, थकालीको थासाङ हो । स्वायत्तता बाह्य पक्षसँग सम्बन्धित छ । यसको अर्थ राज्यलगायतका बाह्य पक्षले आदिवासीबाट स्वतन्त्र, अग्रीम जानकारीसहितको मञ्जूरी प्राप्त नगरी कानूनी, प्रशासनिक वा विकासलगायतका कामहरू गर्न पाउँदैन भन्ने हो । आदिवासी महिलाले सुनिश्चित गर्न चाहेको स्वायत्तता भू-क्षेत्रगत स्वायत्तता (Territorial autonomy) हो । आदिवासीहरूले पितृ (Spirits) बाट हस्तान्तरण भएको शक्तिका साथै आफैंमा अन्तरनिहीत आत्मनिर्णयको अधिकार प्रयोग गरी स्वायत्तताको घोषणा गर्ने हो ।

*४.८. प्रश्नः आदिवासी महिलाको स्वशासनको अधिकार भनेको के हो ?*

उत्तरः आदिवासी महिलाको स्वशासनको अधिकार भनेको आफ्नो

ऐतिहासिक थातथलोमा जन्मदेखि मृत्युपर्यन्तका संस्कार तथा आफ्नो आध्यात्मिक, सामाजिक, साँस्कृतिक, आर्थिक, राजनीतिक लगायतका सामुहिक जीवन पद्धतिमा आफ्नो सामुहिक नियन्त्रण हुनु हो । के भाषा बोल्ने, जन्म, विवाह र मृत्युलगायतको संस्कारको नीति नियम के हुने, के कस्तो चाडपर्व, के कसरी मनाउने, के खाने, के पिउने, के पोशाक लगाउने, कस्तो घर बनाउने, के कस्तो खेतीपाती गर्ने, वनको स्रोतको प्रयोग के कसरी गर्ने, कस्तो गीत गाउने, कस्तो कथा, कसरी भन्ने आदि सबै कुराहरू सामुहिक निर्णय गर्ने हो । यो आदिवासीको आन्तरिक आयाम हो । आदिवासीको प्रथाजनित स्वशासित पद्धतिमध्ये नेवाःको गुथी, थारुको बडघर वा भलमन्सा वा मटावा, थकालीको घम्प र ढिकुरी, धिमालको माझीवराम, माझीको मझेसभा आदि सबै स्वशासनको उदाहरण हो । स्वशासनमा आदिवासी महिला र पुरुष सबै बसेर सामुहिक निर्णय गर्ने भएकोले महिला र पुरुषबीच केही असमानता हुनसक्दछ । तर त्यो विभेद् होइन । आदिवासीको प्रथा भनेको महिला वा पुरुषमध्ये एकजना एउटा काममा व्यस्त भएमा अर्कोले अर्को काम गर्ने हो । यो महिलाले मात्र गर्ने, यो पुरुषले मात्र गर्ने भन्ने हुँदैन । तर आजकाल पितृसत्ताको प्रभावको कारणले कतिपयले विभेद गर्ने गर्दछन् । यस्तो सिकेको विभेद्लाई हटाउनु पर्दछ । नेतृत्व तहमा पुरुष मात्र भएमा वा बढी भएमा महिलाको पनि समान प्रतिनिधित्व भने सुनिश्चित गर्नुपर्दछ ।

*४.९. प्रश्नः आदिवासी महिलाको भूमि भू-भाग र स्रोतमा अधिकार भनेको के हो ?*

उत्तरः आदिवासीको सन्दर्भमा भूमिले जल, जंगल, जमीन, खानी, वातावरण, पर्यावरणलगायत सबै समेट्छ । यसले आदिवासीले बसोवास गरेको वा प्रयोग गरेको क्षेत्रहरूलाई जनाउँछ । भूमि, भू-भाग र स्रोतहरूसँग

आदिवासी महिलाहरूको अस्तित्व, पहिचान, शान्ति र समृद्धि गाँसिएको छ । भूमि, भू-भाग र स्रोतहरूमा आदिवासीको सामुहिक स्वामित्व तथा नियन्त्रण अन्योन्याश्रित हुन्छ । आदिवासी महिलाका प्रथाजन्य जीवन निर्वाह प्रणाली, आदिवासी ज्ञान, शीप, प्रविधि, आविष्कार तथा अभ्यास, आदिवासीको प्रथाजनित स्वशासन पद्धति, मातृभाषा, चाडपर्व, जन्मदेखि मृत्यु पर्यन्तसम्मका संस्कारहरू, खानपान, लवाई-खवाई तथा पितृ र देवीदेवताहरू सबै भूमि, भू-भाग तथा स्रोतहरूमा आधारित हुन्छ । राज्यले अधीनस्थ गरेको आदिवासीको भूमि तथा भू-भागमा भएका वन, संरक्षित क्षेत्र, नदीनाला, सीमसार, पहाड, चरिचरण आदि स्रोतहरूमा राज्यको कानूनी, नीतिगत, योजना, कार्यक्रम तथा गतिविधिहरूमा आदिवासी महिलाहरूलाई बहिष्करण र विभेद् गर्न हुँदैन ।

*४.१०. प्रश्नः आदिवासी महिलाको स्वतन्त्र अग्रीम जानकारीसहितको मञ्जूरीको अधिकार भनेको के हो ?*

उत्तरः आदिवासीलाई कानूनी वा प्रशासनिक रुपमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभाव पार्ने विकास निर्माणलगायतका कुनै पनि कार्यको योजना बनाउँनु अघि, पारित गर्नु अघि, लागू गर्नु अघि, कार्यान्वयन गर्नु अघि र अनुगमन तथा मूल्यांकन गर्नु अघि आदिवासीसँग स्वतन्त्र, अग्रीम तथा जानकारीसहितको मञ्जूरी प्राप्त गर्न पर्दछ । सरकार वा निजी कम्पनीलगायतका बाह्य पक्षले सम्बन्धित आदिवासीलाई सो सम्बन्धी सम्पूर्ण जानकारी उक्त कार्य गर्नु अघि आदिवासीले चाहेको भाषामा उपलब्ध गराएर चाहिए जति समय दिएर, विनाडर, धाक, धम्की, जालभेल, षड्यन्त्र स्वतन्त्र भएर उपलब्ध गराएको जानकारीको आधारमा हुन्छ वा हुन्न वा केही पछि मात्र हुन्छ वा हुन्न भन्ने अधिकार हुन्छ । आदिवासीले हुन्छ भनेमा उक्त कार्य अघि बढ्ने र हुँदैन भनेमा उक्त कार्य गर्न हुँदैन तथा पछि मञ्जूरी दिने भनेमा कुर्नपर्ने हुन्छ ।

*४.११. प्रश्नः सार्वजनिक जीवनको नीति निर्धारणका सबै तहहरूमा आदिवासी महिलाका सहभागिता र प्रतिनिधित्वको अधिकार के छ ?*

उत्तरः आदिवासी महिलाहरूलाई सार्वजनिक जीवनको नीति निर्धारणका सबै तहहरूमा आदिवासी महिलाको अर्थपूर्ण सहभागिता र प्रतिनिधित्वको अधिकार छ। आदिवासी महिलाहरूलाई प्रथाजनित तथा प्रतिनिधिमूलक संस्थाहरूमार्फत प्रथाजनित प्रक्रियाबाट छनौट भएर प्रत्यक्ष सहभागिता हुने अधिकार छ । सार्वजनिक जीवनको नीति निर्धारणका सबै तहहरूमा राजनीतिक दल वा सरकारी वा गैरसरकारी वा निजी क्षेत्र वा गैरआदिवासीहरूको संघसंस्था वा संरचनाबाट मात्र आदिवासीहरूलाई प्रतिनिधित्व गराउनु भनेको आईएलओ महासन्धि नं १६९ तथा यूएनड्रीप २००७ ले प्रत्याभूत गरेको आदिवासीको मानव अधिकार उल्लंघन गर्नु हो ।

*४.१२. प्रश्नः आदिवासी महिलाको मातृभाषाामा के कस्तो अधिकार हुन्छ ?*

उत्तरः आदिवासी बालिकालाई मातृभाषामा आधारभूत तथा प्राथमिक शिक्षा र आदिवासी किशोरी तथा महिलालाई मातृभाषामा शिक्षा पाउने, सरकारी कामकाजमा मातृभाषा प्रयोग गर्न पाउने, सञ्चार माध्यमबाट मातृभाषामा प्रकाशन तथा प्रसारण गर्न पाउने, सरकारी सूचना तथा जानकारी मातृभाषामा पाउने, सबै तहको शिक्षा मातृभाषामा पाउनेलगायतका अधिकार यूएनड्रीप २००७ तथा आईएलओ महासन्धि नं. १६९ ले सुनिश्चित गरेको छ। तर नेपाल सरकारले यी महासन्धि र घोषणापत्रलाई वेवास्ता गरी मातृभाषाको अधिकार शिक्षामा सीमित मात्रामा कार्यान्वयन गर्ने बाहेक पर्याप्त मात्रामा कार्यान्वयन नगरेको अवस्था छ ।

# ५. महिलाको हैसियतमा आदिवासी महिलाको अधिकार

*५.१. प्रश्नः महिलाको हैसियतमा आदिवासी महिलाको हक/अधिकार कुन महासन्धिले सुनिश्चित गरेको छ ?*

उत्तरः महिलाविरुद्ध हुने सबै प्रकारको भेद्भाव उन्मूलन सम्बन्धी महासन्धि (सीड) ले महिलाको हैसियतमा आदिवासी महिलाको पनि हक अधिकार सुनिश्चित गरेको छ । बेईजिङ घोषणापत्र तथा कार्य योजनाले पनि महिलाको हैसियतमा आदिवासी महिलाको पनि हक-अधिकार सुनिश्चित गरेको छ ।

*५.२. प्रश्नः महिलाविरुद्ध हुने सबै प्रकारको भेद्भाव उन्मूलन सम्बन्धी महासन्धि (सीड) भनेको के हो ?*

अंग्रेजीमा छोटकरीमा सीड भनिन्छ । यसलाई महिलाहरूको अधिकार सुनिश्चित गर्ने अन्तर्राष्ट्रिय अधिकारपत्र पनि भनिन्छ । संयुक्त राष्ट्रसंघको महासभाले १८ डिसेम्बर, १९७९ (३ पौष, २०३६) मा पारित गरी ३ सेप्टेम्बर, १९८९ (१८ भदौ, २०४६) बाट कार्यान्वयनमा ल्याएको हो । महासन्धिको भाग १, धारा १ अनुसार "यस महासन्धिको प्रयोजनको लागि 'महिलाविरुद्ध भेद्भाव' भन्नाले महिलाले राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, नागरिक वा अरू कुनै विषय सम्बन्धी मानव अधिकार तथा स्वतन्त्रतालाई, आफ्नो वैवाहिक स्थिति जे जस्तो रहेको भए तापनि पुरुष र महिलाको समानताको आधारमा उपभोग गर्नमा वा प्रयोग गर्नमा व्यवधान पार्ने वा त्यसको मान्यतालाई नै क्षति वा शून्यकरण पार्ने उद्देश्य भएको, लिङ्गको आधारमा हुने कुनै पनि भेद्भाव वा बहिष्कार वा प्रतिबन्ध सम्झनु पर्दछ ।" यसमा ६ भाग र ३० वटा धाराहरू छन् ।

सीडमा उल्लेख भएका अधिकारहरू जुनसुकै जात, जाति, भाषा, धर्म, वर्ग, क्षेत्र आदि सबैका लागि समान हो ।

*५.३. प्रश्नः नेपालले सीड कहिले अनुमोदन गऱ्यो ?*

नेपालले २२ अप्रिल, १९९१ (९ बैशाख, २०४८) गते बिना कुनै शर्त वा बन्देज अर्थात महासन्धिको सम्पूर्ण दफालाई कार्यान्वयवन गर्ने गरी अनुमोदन गरेको हो । महासन्धिको इच्छाधीन आलेखलाई १५ जुन, २००७ (१ असार, २०६४) मा नेपाल सरकारले कुनै आरक्षणविना अनुमोदन गरेको छ ।

*५.४. प्रश्नः सीडमा भएका महिला अधिकार के-के हुन् ?*

उत्तरः सीडले आदिवासी महिलाले महिलाको हैसियतमा अन्य महिलाको जस्तै निम्न अधिकारहरू सुनिश्चित गरेको छ ।

धारा १ अविभेद् : आदिवासी महिलालाई व्यक्ति, समूह, संस्था, सरकार, राज्य आदि कोही कसैले पनि कुनै प्रकारको भेद्भाव गर्न पाउँदैन ।

धारा २ भेद्भाव अन्त्य गर्ने दायित्वहरू : आदिवासी महिला विरुद्ध हुने भेद्भावहरू अन्य गर्ने दायित्व मुख्य रुपमा राज्यको अर्थात् व्यवस्थापिका, कार्यपालिका तथा न्यायपालिकाको हो ।

धारा ३ संस्थाहरूमार्फत महिलालाई अगाडि बढाउने : आदिवासी महिलाहरूले आफ्नो प्रथाजनित वा गैरप्रथाजनित संस्थाहरूमार्फत आफ्नो सशक्तिकरण, उन्नति, प्रगति, समृद्धि वा सामुहिक तथा व्यक्तिगत जीवनलाई अगाडि बढाउन पाउँछ ।

धारा ४ सारभूत समानताको लागि विशेष व्यवस्थाहरू : आदिवासी महिला र गैर आदिवासी महिला बीच तथा आदिवासी महिला

र आदिवासी पुरुषबीच भएको असमानता र विभेद्लाई हटाउन राज्य वा अन्यले आदिवासी महिलाका लागि आरक्षण वा आदिवासी महिला लक्षित कार्यक्रम लगायतका विशेष व्यवस्थाहरू गर्नु पर्ने हुन्छ ।

धारा ५ पूर्वाग्रही साँस्कृतिक परम्परा ःनेपालको महिला आन्दोलन, सीड र गैरआदिवासीहरूले आदिवासीहरूमा प्रचलिति बालविवाह, बेलविवाह, बहुविवाह, मामा-चेला फुपू-चेलाबीचको विवाह, कुमारी, झुमा तथा जाँड रक्सीको प्रथा आदिलाई पूर्वाग्रही साँस्कृतिक परम्परा भनी यसको अन्त्य गर्न सुझाव दिने गर्दछ । यस वारे आदिवासी दृष्टिकोण र अधिकार प्रष्ट हुन आवश्यक छ । बालविवाह र बहुविवाहलाई आजको परिवेशमा पूर्वाग्रही साँस्कृतिक परम्परा मान्न पर्ने हुन्छ । तर नेवार आदिवासीको बेलसँगको विवाह र कुमारी प्रथा, नेवा बालिकाको अधिकार हनन् गर्दैन । कुमारीको सम्बन्धमा सर्वोच्च अदालतको फैसलाले यो यथार्थतालाई स्वीकार गरिसकेको छ । बहुपति प्रथा र झुमा प्रथा हिमाली क्षेत्रको विशेष परिस्थितिमा अनुकूलन गर्न सहयोग गर्ने भएकोले यसलाई आजकालको सन्दर्भमा बाध्यात्मकलाई निषेध गरे पनि स्वेच्छा र छनौट गर्ने गरी प्रथालाई निरन्तरता दिन सकिन्छ । जाँड रक्सीको सम्बन्धमा आदिवासीको जन्मदेखि मृत्युपश्चात्सम्म आध्यात्मिक, सामाजिक, साँस्कृतिक, आर्थिक र प्रथाजनित स्वशासन पद्धति सबैमा अनिवार्य भएकोले यो पूर्वाग्रही साँस्कृतिक परम्परा नभएर नैसर्गिक अधिकार हो । सरकारले आदिवासीहरूको जाँड रक्सीको प्रथालाई अपराधीकरण गर्नु आदिवासीको मानव अधिकारको उल्लंघन हो ।

धारा ६ हिंसा, मानव बेचबिखन र बेश्यावृत्तिः आदिवासी महिला तथा किशोरीहरू विरुद्ध हुने हिंसा, मानव बेचबिखन र इच्छा विपरीत बेश्यावृत्तिमा लगाउनु अपराध हो । यी अपराधहरू हुन नदिनका लागि रोकथाम गर्नु, भएको अवस्थामा अपराधीलाई कानूनी दायरामा ल्याएर दण्डित गर्ने, पीडित आदिवासी महिला तथा किशोरीलाई न्याय दिने, न्यायोचित क्षतिपूर्ति दिनेलगायतका कार्यहरू गर्ने दायित्व सरकारको हो । आजकालको सन्दर्भमा स्वेच्छाले यौन पेशा अंगाल्नेलाई अपराधीकरण नगरी राज्यले आवश्यक सुरक्षाको व्यवस्था गर्ने दीयत्व राज्यको हो ।

धारा ७ र ८ सार्वजनिक र राजनीतिक जीवनमा सहभागिता र प्रतिनिधित्वः संघीय, प्रादेशिक, स्थानीय सरकार, मिडीयालगायतका सबै सार्वजनिक र राजनीतिक जीवनमा आदिवासी महिलाको सहभागिता र प्रतिनिधित्व कानूनी तथा व्यवहारमा सुनिश्चित गर्ने दायित्व राज्य तथा राजनीतिक दलहरूको हो ।

धरा ९ राष्ट्रियता (नागरिकता)ः आदिवासी महिलालाई अन्य महिलालाई जस्तै नेपालको नागरिकताको अधिकार छ । तर सीडमा उल्लेख नभए पनि यूएनड्रीप अनुसार आदिवासी महिलालाई आफ्नो आदिवासी राष्ट्रको नागरिकताको पनि अधिकार छ ।

धारा १० शिक्षा र भाषाहरूः आदिवासी महिला, किशोरी तथा बालिकालाई मातृभाषामा प्राथमिक, अनौपचारिक, स्कूल र उच्च शिक्षा पाउने अधिकार छ ।

धारा ११ रोजगारीः आदिवासी महिलालाई रोजगारी पाउने अधिकार छ ।

धारा १२ स्वास्थ्यः आदिवासी महिलालाई स्वास्थ्यमा अधिकार छ । आदिवासी भएको कारणले यूएनड्रीप अनुसार आदिवासी स्वास्थ्य पद्धतिबाट स्वास्थ्य उपचार तथा सेवा पाउने पनि अधिकार छ ।

धारा १३ आर्थिक र सामाजिक जीवनः आदिवासी महिलालाई अन्य महिला सरह आर्थिक तथा सामाजिक जीवनमा समान हैसियतमा भाग लिन पाउने र राज्यबाट सेवा तथा सुविधाहरू पाउने अधिकार छ । महिलाको हैसियत सम्बन्धी आयोग (Commission on Status of Women) को ६१ औं अधिवेशनले आदिवासी महिलाको आर्थिक सशक्तिकरणमा राष्ट्र संघ तथा सदस्य राज्यहरूको दायित्व बोध गरेको छ ।

धारा १४ ग्रामीण महिलाः ग्रामीण क्षेत्रमा बसोवास गर्ने महिलाहरू, जो धेरै आदिवासी छन्, लाई लक्षित गरी विभिन्न नीति तथा कार्यक्रम ल्याउने दायित्व राज्यको हो ।

धारा १५ कानूनी समानताः आदिवासी महिला र अन्य सबै महिला तथा पुरुषबीच कानूनी समान हैसियत छ । तर आदिवासी महिलाको प्रथाजनित कानून भएकोले यूएनड्रीप तथा आईएलओ.महासन्धि नं १६९ अनुसार आदिवासी महिलालाई प्रथाजनित कानूनको पनि अधिकार छ ।

धारा १६ विवाह र पारिवारिक सम्बन्धः आदिवासी महिलालगायतका सबै महिलालाई विवाह तथा पारिवारिक सम्बन्धको अधिकार छ । विवाह अन्तर्गत महिला पुरुषबीचको विवाहको साथै महिला महिलाबीचको समलिंगी विवाह, लिभीङ टुगेदरलगायतका विवाहको अधिकार छ । साथै विधवाविवाह र पारपाचुकेपछि पुनर्विवाहको पनि अधिकार छ र यी दुवै विवाह आदिवासीहरूको प्रथा परम्परा अन्तर्गत पर्ने भएकोले आदिवासी महिलाले हिन्दू महिलाले जस्तो समस्या भोग्न भने पर्दैन ।

सीडले आदिवासी महिलाको अधिकारको व्यवस्था नगरे पनि राज्य पक्षले बुझाउने आवधिक प्रतिवेदनको समिक्षा गर्दा सुझावको रुपमा

आदिवासीको सम्बन्धमा पनि सुझाव दिने गरेको छ । जस्तै-नेपाल पक्ष राज्यले बुझाएको छैठौं आवधिक प्रतिवेदनको सम्बन्धमा नेपाल राज्य पक्षलाई १४ नोभेम्बर, २०१८ (१९ कार्तिक, २०७५) मा दिएको सुझाव अनुसार आदिवासीको आत्मनिर्णयको अधिकारका साथै यूएनड्रीपका आदिवासी महिलाको सबै अधिकार प्रष्ट देखिने गरी संविधान संशोधन गर्न तथा आदिवासी महिलाका अन्य थप १४ वटा सुझावहरू दिएको छ । निकट भविष्यमा सीडले आदिवासी महिलाको सम्बन्धमा आधारभूत सुझाव (General Recommendations) पीरत गर्ने सोंच भएको देखिन्छ।

*५.५. प्रश्नः छायाँ प्रतिवेदन भनेको के हो ?*

केही महासन्धिहरूको सम्बन्धमा राज्य पक्षले बुझाएको आवधिक प्रतिवेदनको सम्बन्धमा गैरसरकारी संस्थाहरूले छायाँ अर्थात् वैकल्पिक प्रतिवेदन बुझाउन पाउने व्यवस्था हुन्छ भने कुनैमा हुँदैन । सीड र सर्डकोमा छायाँ प्रतिवेदन बुझाउन मिल्छ । तर महासन्धि नं. १६९ को सम्बन्धमा भने छायाँ प्रतिवेदन बुझाउन पाउने व्यवस्था छैन । राज्य पक्षले प्रतिवेदन तयार गर्दा अधिकारवाला र सरोकारवालासँग परामर्श नगरी, सहभागिता नगराई, सत्यतथ्यलाई लुकाएर वा बङ्ग्याएर प्रस्तुत गर्ने गर्दछ । त्यसैले अधिकारवाला र सरोकारवालाहरूले छायाँ प्रतिवेदन प्रस्तुत गरी समितिलाई सत्य तथ्य जानकारी गराउने प्रचलन छ । यसको माध्यमवाट गैरसरकारी संघसंस्थाहरूले महिला सम्वन्धी समितिका सदस्यहरूलाई लबि गरी उपयुक्त निर्ष्कष सुझावका निमित्त वातावरण तयार पार्दछन् । छायाँ प्रतिवेदनमा उठाइएका सवालहरूका आधारमा सीडले राज्य पक्षलाई प्रश्नहरू सोधेर यथार्थ अवस्था उजागर गर्न मदत गर्दछ ।

*५.६. प्रश्नः छायाँ प्रतिवेदन तयार पार्दा के कुरामा ध्यान दिनु पर्छ ?*

छायाँ प्रतिवेदन तयार पार्दा निम्न जानकारीहरू दिइएको हुनुपर्दछ

- छायाँ प्रतिवेदन तयार पार्दा भरसक कुनै गैरसरकारी संस्थाले मात्र एकतर्फी रुपमा तयार नपारी विभिन्न क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरूले समूह रुपमा मिली तयार पार्नु उपयुक्त हुन्छ ।
- यसले प्रतिवेदनको स्तर वृद्धि गर्नुको साथै सरकार र समितिलाई समेत राम्रो प्रभाव पर्दछ ।
- प्रतिवेदन ३० पृष्ठभन्दा बढी नहुने गरी बनाउनु पर्दछ । किनभने समितिका सबै सदस्यहरू प्रत्येक देशको विस्तृत प्रतिवेदन हेर्न इच्छुक नहुन सक्छन् ।
- देशको विद्यमान मानव अधिकार र लोकतन्त्रको अवस्था वारे जानकारी हुनु पर्दछ ।
- महिलाहरूको गम्भीर सरोकारका विषयवस्तु वा समस्याहरूको पहिचान सम्वन्धी जानकारी हुनु पर्दछ ।
- समितिलाई सीमित विषयवस्तुहरू वाहेक थुप्रै विषयहरूमा आवश्यक ध्यान दिन गाह्रो हुन्छ । त्यसैले नागरिक समाजले अत्यधिक महत्वपूर्ण ठानेको विषयहरूलाई प्राथमिकता दिई प्रस्तुत गर्नुपर्दछ ।
- सरकारले यस सम्बन्धमा के गर्नु पर्छ भनेर प्रकाश पार्न पर्दछ ।
- प्रतिवेदनमा तीन/चार पृष्ठभन्दा बढी नहुने गरी सारांश तयार गर्न पर्दछ ।

*५.७. प्रश्नः बेईजिङ्ग कार्यमञ्चको १२ वटा चासोका क्षेत्रहरू*

सन् १९९५ मा चीनको राजधानी बेइजिडमा भएको महिलाको विश्वसम्मेलनले पारित गरेको बेइजिङ्ग कार्यमञ्चको १२ वटा चासोका क्षेत्रहरू छन्ः

१. महिला र गरिबी

२. महिला शिक्षा र तालीम

३. महिला र स्वास्थ्य
४. महिला विरुद्धको हिंसा
५. महिला र सशस्त्र द्वन्द्व
६. महिला र अर्थतन्त्र
७. शक्ति संरचना र निर्णय तहमा महिला
८. महिला विकासका लागि संस्थागत संरचना
९. महिलाको मानव अधिकार
१०. महिला र सञ्चार
११. महिला र वातावरण
१२. बालिका

यी १२ वटा चासोको क्षेत्रमा आदिवासी महिला पर्दैनन् ।

५.८. *प्रश्नः आदिवासी महिलाको सवालहरू बेईजिङमा भएको महिलाको विश्वसम्मेलनले समेटेको थियो ?*

उत्तरः बेईजिङमा भएको महिलाको विश्वसम्मेलनमा आदिवासी महिलाले आदिवासी महिलाको सवाल समेटिएको थिएन । त्यसबेला आदिवासी महिलाहरूले आफ्नो घोषणापत्र जारी गरेका थिए । त्यसमा निम्न कुराहरू थिएः

५.९. *प्रश्नः कथित मूल प्रवाहको महिला अधिकार आन्दोलन र उनीहरूबाट प्रभावित केही आदिवासी महिलाहरूले पनि आदिवासीहरूमा गलत प्रथा परम्परा छ भन्ने गरिन्छ, के त्यस्मा के कति सत्यता छ ?*

उत्तरः कथित मूल प्रवाहको महिला अधिकार आन्दोलनले सीडमा छायाँ प्रतिवेदन लगायतमा आदिवासीहरूको झुमा, कुमारी, बहुपति, र जाँड रक्सी उत्पादन गर्ने कुरालाई लैङ्गिक पूर्वाग्रही र हानिकारक परम्परागत

अभ्यासहरू भनी यी सबै अन्त्य गर्नका लागि जनवकालत गर्दै आएको देखिन्छ । यसको वास्तविकता यस्तो छः

- झुमा प्रथा विगतमा हिमाली क्षेत्रका बोन, बौद्ध, लामा परम्परा मान्दै आएका आदिवासीहरूमा माहिली छोरी झुमा र माहिलो छोरो ढप (लामा) बस्ने परम्परा थियो । मुक्तिनाथको दैनिक पूजा-आजा झुमाहरूले परापूर्वकालदेखि चलाउंदै आएका छन् । झुमाहरूको पूजा-आजामा संलग्नता अरुको लागि पनि उदाहरणीय छ । तर केही वर्ष अघि मिडीयामा आएको समाचार अनुसार झुमाहरू महिनावारीको कारणले मुक्तिनाथ अपवित्र हुने भएकोले हटाउने भन्ने थियो । आदिवासी समुदायमा महिनावारी वा बच्चा जन्मदा वा अरु बेला छुवाछूतको व्यवहार गर्ने प्रचलन छैन । त्यसैले यो समस्या होइन । झुमा वा आनीलाई धार्मिक बाहेक अन्य कार्य गर्न पाउँदैन भन्ने सम्बन्धमा आनी छोईङ डोल्माले गीत सँगीत र समाज सेवामा उदाहरणीय कार्य गरिरहनु भएको सबैलाई जानकारी नै छ ।
- नेवा आदिवासीमा भएको कुमारी प्रथालाई पनि बिरोध गर्ने गरेको छ । यस सम्बन्धमा सर्वोच्च अदालतले २ भदौ, २०६५ मा गरेको फैसला अनुसार जीवित देवी कुमारी प्रथा अन्त्य गर्ने होइन तथा बालिकाको शिक्षा, स्वास्थ्य, विवाहलगायतका अधिकारहरू समुदायले सुनिश्चित गर्नु पर्दछ भनेर परमादेश जारी गरेको थियो ।
- हिमाली आदिवासीहरूमा बहुपति प्रथा विद्यमान छ । महिला अधिकार वा नारीवादी आन्दोलनको क्रममा र सीडलगायतका अन्तर्राष्ट्रिय कानूनको आधारमा एकल विवाह स्वीकार्य र बहुविवाह अस्वीकार्य भएको सन्दर्भमा बहुपति प्रथालाई हानिकारक प्रथाको रुपमा चित्रण गरी आएको छ । तर जनसंख्याविद्हरूले हिमाली क्षेत्रमा भएको खाद्य सुरक्षा र खेतीयोग्य जग्गा जमीनको कमी र जीविकोपार्जनको लागि चौंरी र भेंडापालन अर्थात् चरिचरण, लामोदुरीको व्यापार, खेतीपाती र घरव्यवहारको काम गर्न पर्ने भएकोले महिलाको नेतृत्वमा पतिहरूको कार्य विभाजन गरी अनुकूलन गरेको बताउँदै आएका छन् । साथै

मानव शास्त्रीहरूले बहुपति प्रथा भएका आदिवासी समुदायमा विवाह वा अविवाहका सबै किसिममध्ये एउटा छनौट भएकोले पश्चिमाहरूले बहुपति प्रथाबाट विवाहसम्बन्धी सकारात्मक पाठ सिक्न पर्ने भनेका छन् ।

*५.१०. प्रश्नः आदिवासी महिलाको अधिकारहरूको उपभोग गर्नमा के-के बाधाहरू छन् ?*

उत्तरः

- समग्रमा बहुसंख्यक आदिवासी सबै र विशेषगरी आदिवासी महिलाहरूमा राजनीतिक सचेतना छैन । धेरै आदिवासीहरू राजनीतिमा खासगरी प्रमुख राजनीतिक दलरुमा छन् ।
- बाहुनवादी, उपनिवेशवादी र पितृसत्तावादी सौँच, नीति र व्यवहारहरू बाधाका रुपमा छन् ।
- संविधान, ऐन, कानून, नीति नियम, निर्देशिका, योजना, कार्यक्रम, बजेट तथा तथ्यांक आदि सबैले आदिवासी महिलालाई नचिन्नु ।
- कथित मूल प्रवाहको महिला अधिकार आन्दोलनले आदिवासी महिलाको विशिष्ट र पृथक पहिचान र सामुहिक अधिकारलाई स्वीकार गर्न नसक्नु ।
- राज्यले आदिवासी महिलाहरू आफनै ऐतिहासिक थातथलोमा भूमि, भू-भाग तथा स्रोतको सामुहिक स्वामित्व र नियन्त्रण र प्रयोगको अधिकार खोसेकोले जीवन निर्वाहमा समस्या, गरिवी र अशिक्षित रहन बाध्य भएकोले अधिकारको वारेमा सचेत भएर उपभोग गर्नमा बाधक भएको ।
- राज्यको नीति निर्माण, निर्णय र कार्यान्वयनका हरेक तहमा आदिवासी महिलाको अर्थपूर्ण सहभागिता र प्रतिनिधित्व नहुनु ।
- प्रमुख राजनीतिक दलहरूले आदिवासी महिलाको हक/अधिकारका वारेमा सम्वेदनशील नहुनु र आदिवासीको संघसंस्थाहरूमा आफ्नो प्रभाव जमाउनु ।

*५.११. प्रश्नः के सरकारसँग आदिवासी महिला सम्बन्धी तथ्याङ्कको कमी छ ? यदि छ भने ती के-के हुन् ?*

उत्तरः

- सन् २०११ को राष्ट्रिय जनगणनामा आदिवासी महिलाको जनसंख्या र मातृभाषीको तथ्यांक दिने गरेको छ । हालै बिराटनगरमा भएको केन्द्रिय तथ्यांक विभागले सन् २०२१ मा हुने राष्ट्रिय जनगणनाका सम्बन्धमा आयोजना गरेको एउटा कार्यक्रममा एकजना विज्ञले भारतको राष्ट्रिय जनगणनामा अबदेखि जात, जातिको तथ्यांक नलिने भए जस्तै नेपालको राष्ट्रिय जनगणनामा पनि जात जातिको तथ्यांक नलिने सुझाव दिएको छ ।
- राज्यले महिलाको खण्डीकृत तथ्यांक दिने गरेको छ तर महिलाभित्र आदिवासी महिलाको खण्डीकृत तथ्यांक भने दिने गरेको छैन ।

*५.१२. प्रश्नः आदिवासी महिलाको अधिकार सुनिश्चित गर्न कुन-कुन कानूनहरूको परिवर्तन गर्न जरूरी छ ?*

उत्तरः सन् २०१५ को नश्लवादी नेपालको संविधान (२०७२) को पुनर्लेखन अथवा प्रस्तावना देखि अनुसूचीसम्मको संशोधन आदिवासीको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (UNDRIP) र अन्तर्राष्ट्रिय श्रम सँगठनको महासन्धि नं. १६९ (ILO Convention No. 169) अनुसार गर्न जरुरी छ ।

- कम्तीमा पनि सीड (CEDAW) ले नेपाल राज्य पक्षलाई नोभेम्बर १४, २०१८ मा दिएको निष्कर्ष सुझावको अनुच्छेद् ४१ (**क**) "**आदिवासीको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघको घोषणापत्र अनुरुप आदिवासी महिलाको अधिकार, विशेषगरी उनीहरूको आत्मनिर्णयको अधिकार स्पष्ट रुपमा पहिचान गर्न संविधान संशोधन गर्ने**" भने बमोजिम तत्काल संविधान संशोधन गर्न जरुरी छ ।

- कानून संविधान विपरीत हुन नसक्ने भएको र संविधानमा आदिवासीको सामुहिक अधिकारलाई स्वीकार नगरिएको, आदिवासीको हकलाई मौलिक हकमा नराखिएको र कानून नयाँ निर्माण गर्दा वा विद्यमान कानूनलाई संशोधन गर्दा आदिवासीको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (UNDRIP) र अन्तर्राष्ट्रिय श्रम सँगठनको महासन्धि नं. १६९ (ILO Convention No. 169) अनुसार नगरिएकोले सबै कानूनहरू परिवर्तन गर्न जरूरी छ ।

*५.१३. प्रश्नः नारीवाद अर्थात् फेमिनीजम् भनेको के हो ?*

उत्तरः नारीवाद अर्थात् फेमिनीजम् (Feminism) पश्चिमी समाजमा महिला तथा पुरुषबीच राजनीतिक, सामाजिक, आर्थिक तथा व्यक्तिगत समानता स्थापना गर्ने उद्देश्य लिएको विचारधारा वा राजनीतिक तथा सामाजिक आन्दोलन हो । यसको पहिलो लहर (Wave) उन्नाईसौं र बीसौं शताब्दिमा आउँदा महिलाको लडाई विवाह, परिवार र सम्पत्तिमा अधिकारका लागि केन्द्रित थियो । दोस्रो लहर सन् साठीको दशकदेखि असीको दशकसम्म आउँदा कार्यस्थल, यौनिकता र प्रजनन् अधिकारमा केन्द्रित थियो । तेस्रो लहर सन् नब्बेको दशक र एक्काईसौं शताब्दिको पहिलो दशकको पूर्वाद्धसम्म आउँदा लैंगिक समानताको सुक्ष्म राजनीति (micro politics) मा केन्द्रित थियो । त्यसपछि चौथो लहर महिलाको प्रतिच्छेदित समस्याहरूमा केन्द्रित रहेको छ ।

*५.१४. प्रश्नः आदिवासी नारीवाद भनेको के हो ?*

उत्तरः आदिवासी नारीवाद सामुहिक जीवन पद्धति, नातासम्बन्ध, भूमि, भू-भाग, स्रोत, प्रथाजन्य कानून र संस्था, मातृभाषा तथा समानता र समता आदिमा आधारित छ । आदिवासी नारीवाद औपनिवेशिक

पितृसत्ता र हिन्दू ब्राहमणवादी पितृसत्ता विरुद्ध छ । आदिवासीको समाज समानतामा आधारित सामाज (Egalitarian society) हो । आदिवासी समाजमा आदिवासी महिलाको हैसियत आमा, छोरी, बज्यै, नातिनी, माइज्यु, भाञ्जी, फुपू, भदैनी आदि नाताजन्य हुन्छ । सासू, बुहारी, महिला, महिला-पुरुषबीच भेद्‌भाव असमानता आदि औपनिवेशिक र हिन्दू ब्राहमणवादी पितृसत्ताका धर्म, संस्कृति, सामाजिक संरचना, भाषा आदिबाट सृजित हुन् । महिलाको अवधारणा पनि आदिवासीको लागि आयातीत हो । उदाहरणको लागि तामाङ महिला नभएर तामाङस्या हो । गुरुङ महिला नभएर तमुस्यो हो । सुनुवार महिला नभएर कोइँच मिस्य हो । तर आदिवासीले अरुबाट सिकेका गलत मूल्य, मान्यता र व्यवहारलाई त्यागेर आफ्नो मौलिकतालाई अंगाल्नु पर्दछ ।

*५.१५. प्रश्नः के आदिवासी महिलाहरू पितृसत्ताबाट पीडित छन् ?*

उत्तरः औपनिवेशीकरणमा आदिवासीहरू औपनिवेशिक पितृसत्ताबाट र हिन्दूकरणमा परेका आदिवासीहरू बाहुनवादी अर्थात् हिन्दू पितृसत्ताबाट आक्रान्त देखिन्छन् । सामुहिक अधिकारको सट्टा व्यक्तिको अधिकारमा विश्वास भएका आदिवासीहरूमा औपनिवेशिक तथा बाहुनवादी, हिन्दू पितृसत्ता सिकेको कारणले आदिवासी महिलाहरू पीडित छन् । हिन्दू, बाहुनवादी पितृसत्तामा छोरीलाई बावुले, श्रीमतीलाई श्रीमानले र आमालाई छोराले नियन्त्रणमा राखेको हुन्छ तथा महिलालाई प्रजनन् तथा घर परिवारको काममा सीमित गर्ने, यौनिकता र घुमफिरमा नियन्त्रण गर्ने र पैतृक सम्पत्तिमा समान अधिकार नदिने काम हुन्छ । त्यसैले महिलाहरू शिक्षा, आधुनिक पेशा आदिवाट बञ्चित रहन्छन् भने घरेलु र यौनहिंसाको शिकार हुने गर्दछन् ।

# ६. आदिवासी महिलाको मानव अधिकार हनन् भएमा गर्ने काम

*६.१. प्रश्नः आदिवासी महिलाको मानव अधिकारको उल्लंघन कस्ले के कसरी गर्छ ?*

उत्तरः आदिवासी महिलाको मानव अधिकारको उल्लंघन राज्य, निजी व्यापारिक कम्पनी, नागरिक समाज, गैरआदिवासीका संघसंस्था तथा व्यक्तिलगायतले आदिवासी महिलाको मानव अधिकार सुनिश्चित गर्ने अन्तर्राष्ट्रिय महासन्धिहरू, जस्तै–आईएलओ महासन्धि नं १६९, सीड, सर्ड, तथा आईसीसीपीआरको उल्लङ्घन, हस्तक्षेप, इन्कार, दुरुपयोग, वा बेवास्ता  गरी गर्न सक्दछ ।

*६.२. प्रश्नः आदिवासी महिलाको मानव अधिकारको उल्लंघन, हस्तक्षेप, इन्कार, दुरुपयोग, वा वेवास्ता भएमा के गर्ने ?*

उत्तरः पहिलो काम दस्तावेजीकरण गर्नु पर्दछ । मानव अधिकार आयोगको केन्द्रिय वा प्रदेश तहका शाखाहरूमा लिखित वा अनलाईन उजूरी फाराम भरेर वा ज्ञापनपत्र बुझाएर गर्न सकिन्छ । अदातलतमा उजूरी गर्न सकिन्छ । तर यस्तो उजूरी दिँदा लाहुर्निप, ईनोल्याग जस्ता आदिवासीको मानव अधिकारमा काम गर्ने वकिलहरूसँग परामर्श गरी गर्नुपर्दछ । सीड जस्तो अन्तर्राष्ट्रिय सन्धि संयन्त्रको उपयोग छाँया प्रतिवेदन, आदिवासीको आधारभूत स्वतन्त्रता तथा अधिकार सम्बन्धी समाधिक्षकलाई अर्जेण्ट अपील वा उजूरी दिन सकिन्छ ।

*६.३. प्रश्नः मानव अधिकारको दस्तावेजीकरण कस्ले, कसरी गर्ने ?*

उत्तरः राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ, सदस्य संस्था, समन्वय

परिषद् र मानव अधिकार रक्षकहरूले मानव अधिकार उल्लंघनको घटना वारे कुनै पनि सूचना तथा सञ्चार माध्यमबाट जानकारी पाउनासाथ दस्तावेजीकरण गर्नु पर्दछ र आवश्यक परे एउटा टोली बनाएर स्थलगत अध्ययन पनि गर्नु पर्दछ। दस्तावेजीकरण गर्दा उद्देश्य के हो ? के उल्लंघन भयो ?, उल्लंघन हुनुको कारणहरू के हुन् ? आवश्यक जानकारीको सूची के-के हुन् ? जानकारी वा सूचनाको स्रोतहरू के हुन् ? अनुसन्धान विधि के हो ? र वित्तीय र मानव संसाधन के कति आवश्यक र उपलब्ध छ ? भन्ने आँकलन गर्नु पर्दछ।

स्थलगत अध्ययन गर्दा सहभागितामूलक अवलोकन, प्रत्यक्ष पीडित तथा प्रभावितहरूसँग अन्तरवार्ता रेकर्ड गरी लेखोट (Transcript) गर्ने, श्रव्य (Audio) टेप, भिडियो, फिल्म वा अन्य) संकलन गर्नु पर्दछ । साथै मानव अधिकार उल्ल्ंघनकारीहरूसँग अन्तरवार्ता गर्नु पर्दछ। सरकारी अधिकारी, राजनीतिक दलका नेता तथा कार्यकर्ता, प्रहरी, सशस्त्र प्रहरी, सेनालगायतका सुरक्षाकर्मी र अन्यसँग पनि अन्तरवार्ता गरी दस्तावेजीकरण गर्नु पर्दछ । पुलिस रिपोर्ट, पोष्टमार्टम रिपोर्ट, मेडिकल रिपोर्ट, न्यायालयको फैसला तथा उल्लंघनको घटना देखाउने फोटो वा भिडीयो आधिकारिक दस्तावेजहरू संकलन गर्नुपर्दछ । आवश्यकता अनुसार समूहगत छलफल, जानकारवाला व्यक्तिसँग अन्तरवार्ता, अन्य अधिकारवाला र सरोकारवालासँग अन्तरक्रिया र सम्बन्धित प्रकाशित पुस्तक, लेख, रचना संकलन तथा अध्ययन गर्नु पर्दछ। परिस्थितिजन्य कुराकानी तथा परिस्थितिजन्य दस्तावेज, जस्तै-मिडीया रिपोर्ट जुन अन्य स्रोतबाट प्रमाणित गर्नु पर्ने हुन्छ। साथै फलो अप र थप जानकारीसहित भए गरेका प्रगतिका सम्बन्धमा अपडेट गरिरहनु पर्दछ।

*६.४. प्रश्नः मानव अधिकारको दस्तावेजीकरणको महत्व के छ ?*

उत्तरः मानव अधिकारको दस्तावेजीकरणको महत्व धेरै छ। जस्तै–मानव अधिकार के कति सुनिश्चित भएको छ ? के कति उल्लंघन भएको छ ? सत्य तथ्यले देखाउँछ। यो मानव अधिकार उल्लंघन भएको छ भनेर देखाउँन तथा यस्तो उल्लंघनको लागि राज्य जिम्मेवार छ भनेर देखाउँन मदत गर्छ। साथै सम्भावित समाधान पत्ता लगाउन तथा मूल्यांकन गर्न पनि सहयोग गर्छ र प्राप्त जानकारीलाई सार्वजनीकरण गरेर सम्बन्धित पक्षलाई आवश्यक दवाव दिन मदत गर्छ। उल्लंघनकर्तालाई उत्तरदायी बन्न दवाव दिन्छ। संयुक्त राष्ट्रसंघभित्र राज्यलाई उत्तरदायी बनाउन सहयोग गर्छ।